का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० असोज २०८१,
आइतबार
6 October, 2024
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक २३६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## बाढी, पहिरो पीडितकहाँ
# पुगेन राहत

**एक साता हुँदासमेत अत्यावश्यक सामग्री नपाएको पीडितहरुको गुनासो छ। भौगोलिक विकटता, चाडपर्वको मौसम र सरकारी संयन्त्र प्रभावकारी हुन नसक्दा राहतको जोहो हुनमै समस्या भएको सरोकारवालाहरू बताउँछन्।**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं १९, असोज ।

उद्धार तथा राहत वितरणलाई प्रभावकारी बनाउनका लागि सरकारले बाढीपहिरो प्रभावित विभिन्न ४१ स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेर प्रभावकारी काम गर्ने सरकारको योजना छ।

तर, एक साता हुँदा समेत अत्यावश्यक सामग्री नपाएको पीडितहरूको गुनासो छ। भौगोलिक विकटता, चाडपर्वको मौसम र सरकारी संयन्त्र प्रभावकारी हुन नसक्दा राहतको जोहो हुनमै समस्या भएको सरोकारवालाहरू बताउँछन्।

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङका अनुसार बाढीपहिरो प्रभावित क्षेत्रमा अहिले पनि उद्धार तथा राहत वितरण जारी छ । प्रभावित क्षेत्रमा विशेष योजनाका पुन:स्थापना र पुन:निर्माण गर्ने योजनाका साथ लाग्न विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो ।

विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएका पीडितहरू तत्काल राहत खोजिरहेका छन्।

काठमाडौंबाट नजिकै रहेको ललितपुरको बागमती गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र गोदाबरी नगरपालिका, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका, पनौती नगरपालिका, तेमाल गाउँपालिका, नमोबुद्ध नगरपालिका, बेथानचोक गाउँपालिका, मण्डनदेउपुर नगरपालिका, चौरीदेउराली गाउँपालिका र महाभारत गाउँपालिका बाढी पहिरोबाट अति प्रभावित छ। यी क्षेत्रका पीडितहरू नै आवश्यक राहतको आश गरिरहेका छन् ।

राजमार्ग क्षति भएको छ। सडकसञ्जाल विच्छेद भएको छ । नदीको तटीय क्षेत्र डुबानमा परेर भएको सामान बगाएको छ । विद्युत् र टेलिफोनको टावरमा समेत क्षेति पुगेको छ । यसल समेत समस्यामा पारेको छ ।

यही असोज ११ र १२ गतेको अविरल वर्षका कारण गएको बाढी, पहिरो र डुबानबाट धेरै धनजनको क्षेत भएको छ । काठमाडौं उपत्यका र आसपासका जिल्लासहित देशका बिभिन्न क्षेत्र प्रभावित भएका छन् । बढी प्रभावित भएर विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका पालिकाहरूमा कोशी प्रदेश अन्तर्गत पाँचथरको फिदिम नगरपालिका, फालेलुङ गाउँपालिका, फाल्गुनन्द गाउँपालिका, ओखलढुंगाको चम्पादेवी गाउँपालिका र सुनकोशी गाउँपालिका, उदयपुरको वेलका नगरपालिका रहेको छ ।

बाग्मती प्रदेशअन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका, नेत्रावती डबजोङ गाउँपालिका, धुनिवेशी नगरपालिका र गजुरी गाउँपालिका, दोलखाको गौरीशंकर गाउँपालिका, बिगु गाउँपालिका, शैलुङ गाउँपालिका, रामेछापको »» पृष्ठ २ मा




### उपनिर्वाचन
# दलहरूको परीक्षण

**आगामी मंसिरमा तय भएको स्थानीय तहको उपनिर्वाचनलाई आफ्नो जनमत परीक्षणको रुपमा लिएर एक्ला एक्लै चुनाव लड्ने राजनीतिक दलहरुको तयारी छ । यसका लागि उनीहरु आन्तरिक रणनीतिमा जुटेका हुन् ।**



उपनिर्वाचनमा हामी एक्लै चुनाव लडेर आफैँलाई समीक्षा गर्दैछौँ । आफ्नै खुट्टामा उभिएर चुनाव लड्ने उपनिर्वाचनमा मात्रै होइन, २०८४ को निर्वाचनमा पनि माओवादी एक्लै चुनाव लड्छ ।

**प्रचण्ड**
**अध्यक्ष, माओवादी केन्द्र**



उपनिर्वाचनमा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारलाई दलको औपचारिक पत्र प्रदान गर्नका लागि पार्टी सभापति शेरबहादुर देउवालाई जिम्मेवारी प्रदान गर्ने निर्णय भइसकेको छ ।

**डा. प्रकाशशरण महत**
**प्रवक्ता, नेपाली कांग्रेस**

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १९ असोज ।

राजनीतिक दलहरू स्थानीय तहको उपनिर्वाचनका तयारीमा जुटेका छन् । निर्वाचन आयोगले आगामी मंसिर १६ गते उपनिर्वाचन गर्ने गरी निर्वाचन पूर्वको काम अगाडि बढाएको छ। राजनीतिक दल दर्ता लगायतको कार्य सकाएको छ।

स्थानीय तहको उपनिर्वाचनलाई आफ्नो जनमत परीक्षणको रुपमा लिएर एक्ला एक्लै चुनाव लड्ने राजनीतिक दलहरूको तयारी छ। यसका लागि उनीहरू आन्तरिक रणनीतिमा जुटेका हुन्।

स्थानीय तहमा रिक्त रहेका ३४ जनप्रतिनिधिका लागि आगामी मंसिर १६ गते उपनिर्वाचन हुँदैछ। ३० वैशाख २०७९ मा भएको चुनावबाट निर्वाचित भई हाल रिक्त रहेका मेयर, उपमेयर, पालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष पदका लागि उप निर्वाचन हुन लागेको हो ।

यसका लागि निर्वाचन आयोगले यसअघि दल दर्ता आह्वान गरेको थियो । दल दर्ताका लागि प्राप्त निवेदनउपर निर्णय लिएर आयोगले आज दल दर्ता स्वीकृत गर्ने कार्यक्रम छ। यसपछि निर्वाचन सम्बन्धी निर्देशिका, कार्यविधी, मापदण्ड तथा आचारसंहिता तयारी गर्ने, निर्वाचन सामाग्री, जनशक्ति व्यवस्थापन, मतदाता शिक्षा, तालिम तथा क्षमता विकास लगायतका कार्यक्रम संचालन गरिनेछ।

आगामी कातिक २६ गते मतदाताको अन्तिम नामावली प्रकाशन हुनछ। कातिक ३० गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ। मंसिर दुई गतेदेखी निर्वाचन कार्यक्रम संचालन गर्दै १६ गते मतदान गर्ने लगायतको निर्वाचन कार्यतालिका स्वीकृत भइसकेको छ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका अनुसार उनी नेतृत्वको पार्टीले आगामी उपनिर्वाचन एक्लै लड्दैछ। उपनिर्वाचन मात्रै नभएर २०८४ को निर्वाचनमा पनि एक्लै चुनाव लडेर माओवादीलाई आफ्नो पहिचानसहित स्थापित गर्ने उनको दाबी छ।

शनिबार काठमाडौँको जडिबुटीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा अध्यक्ष प्रचण्डले यस्तो बताएका हुन्। दोलखाको गौरिशंकर गाउँपालिकामा उपाध्यक्षको निर्वाचन हुँदैछ।

'कहिले कांग्रेससँग, कहिले एमालेसँग समीकरण गरेर निर्वाचन लड्दा लड्दा कताकता माओवादीकै पहिचान हराउन लागेको हो कि भन्ने आशंका सर्वत्र भएको छ। यसकारण यो पटक हामी एक्लै चुनाव लडेर आफैँलाई समीक्षा गर्दैछौँ' प्रचण्डले भनेका छन्, ' हामी आफ्नै खुट्टामा उभिएर, अहिले मात्रै होइन २०८४ को निर्वाचनमा पनि माओवादी एक्लै १६५ सिट र ३३० प्रदेश र सबै पालिकामा चुनाव लड्छ र माओवादीलाई आफ्नो पहिचानसहित स्थापित गर्ने हामीले संकल्प लिँदैछौँ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले स्थानीय तह उपनिर्वाचनमा उठाउने उम्मेदवारको मापदण्ड नै बनाएको छ। पार्टीमा आवद्ध नभएको भएता पनि उम्मेदवार बनाउन सकिने गरी गैरदलीय उम्मेदवारको विकल्प खुला राखेको छ।

सत्तारुढ दुई दल नेकपा एमाले र नेपाली कांग्रेसले एक्ला एक्लै चुनाव लड्ने निर्णय गरिसकेका छन्।

कांग्रेसका प्रवक्ता एवं सांसद डा. प्रकाशशरण महतका अनुसार उपनिर्वाचनमा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारलाई दलको औपचारिक पत्र प्रदान गर्नका लागि पार्टी सभापति देउवालाई जिम्मेवारी प्रदान गर्ने निर्णय भएको छ। »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## भिजिट भिसामा अध्यागमन विभागको कडाइ
# दैनिक दर्जनौं एयरपोर्टबाट फर्काइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असोज

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन विभागले कडाइ गर्न थालेसँगै अहिले भिजिट भिसामा जाने व्याक्तिहरु विमानस्थलबाट फर्किने क्रम बढ्न थालेको छ । केही समय अगाडिसम्म दैनिकजसो १२ देखि २० जनासम्म विभिन्न कारणबाट भिजिट भिसामा जानेहरु फर्किने गरेकोमा विगत केही दिनदेखि अध्यागमनले कागजपत्रको चेकजाच थालेसँगै ठूलो संख्यामा विमानस्थलबाट फर्किने गरेको स्रोतको दाबी छ।

चार्डपर्वको समयमा एजेन्टको प्रलोभनमा परेर युवायुवती भिजिट भिसामा जाने र विदेश जानेहरु ठगिने र कतिपय विदेशमै लुकेर बस्ने गरेपछि अध्यागमन विभागले थप कडाइ गरेको अध्यागमन स्रोतको भनाइ छ । ट्राभल एडभाइजरीसँगै ६ बुँदे नयाँ नियम लागू गरेपछि नेपालबाट सरदर दैनिक २ सयदेखि ४ सयको संख्यामा त्रिभुवन विमानस्थलबाट बाहिरिने गरेका थिए।

गृह मन्त्रालय मातहतको अध्यागमन विभागका अनुसार भिजिट भिसामा विदेश जानेहरुसँग कम्तीमा ६ महिनाको वैद्य अवधि भएको राहदानी (पासपोर्ट) हुनुपर्ने छ । साथै गन्तव्य देशको भिसा, दुईतर्फी टिकट, भ्रमण अवधिभर होटल बुकिङ गरेको प्रमाणपत्र वा होटल बुकिङ नभइ आफन्तसँग रहने भएमा एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने नागरिकता प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्र समेत बुझाउनुपर्ने छ।

साथै भ्रमणको सम्पूर्ण खर्च व्यहोर्ने सरकारी तथा गैरसरकारी संस्थाको निमन्त्रणमा पत्र वा सो नभएमा कम्तीमा »» पृष्ठ २ मा

### मागपत्रमा दूतावासको तजबिजीविरुद्ध व्यवसायी परराष्ट्रमन्त्रीको ढोकामा

**काठमाडौं/मस–** यूएईस्थित नेपाली दूतावासको मागपत्र प्रमाणीकरणको तजबिजी प्रवृत्तिले समस्या सिर्जना गरेको व्यवसायीको गुनासो बढेको छ। नेपाली कामदारको प्रमुख रोजगार गन्तव्यमध्ये मलेसियामा कामदार पठाउने क्रम रोकिएको छ भने विश्वकप फुटबलपछि सुस्ताएको अर्को प्रमुख गन्तव्य कतारको रोजगारीले गति लिन सकेको छैन ।

मलेसिया र कतारको रोजगारीमा संकुचित भएको अवस्थामा तुलनात्मकरुपमा अवसर रहेको यूएईमा मागपत्र प्रमाणीकरणमा समस्या हुँदा वैदेशिक रोजगारमा अहिले नै समस्य रहेको »» पृष्ठ २ मा

## सवारी दुर्घटनामा
# ५ जनाको मृत्यु, ९ घाइते

**मध्यान्ह संवाददाता**
काठमाडौं १९, असोज ।

सवारी दुर्घटनामा परेर पाँच जनाको मृत्यु भएको छ। छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परेर ९ जना घाइते भएका छन्। हुम्लाको ताँजाकोट गाउँपालिका ४ स्थित तीर्थसैनामा बोलेरो जीप दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ।

हुम्लाबाट नेपालगञ्जका लागि छुटेको लु १ ज २३४३ नम्बरको जीप शनिवार दिउँसो दुर्घटना भएको हो। दुर्घटना परेर नेपालगञ्ज उपमहानगरपालिका-२० निवासी ४९ वर्षीय विष्णु परियार र हुम्लाको चंगेली गाउँपालिका-६ का ६ वर्षीय बालक अभिषेक बुढाको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन्द्र खनालका अनुसार रोकिराखेको जीप आफैँ पछाडितर्फ गुडेर तीन सय मिटर तल खसेको थियो।

यस्तै, काठमाडौँबाट लमजुङका लागि छुटेको गाडी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। पाँच जना घाइते भएका छन्।

लमजुङको सुपर दोर्दी 'ख' आयोजनाको गाडी नुवाकोटमा दुर्घटनामा परेको हो।

बा १४ च ३८५४ नम्बरको गाडी नुवाकोटको शिवपुरी-८ काफलडाँडामा दुर्घटनामा परेको प्रहरीले जनाएको छ। दुर्घटनामा परेर काठमाडौँका ५८ वर्षीय उपेन्द्र खनालको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक शान्तिराज कोइरालाका अनुसार दुर्घटनामा परेर गम्भीर घाइते खनालको उपचारका लागि काठमाडौँ पुऱ्याउँदै गर्दा बाटोमै मृत्यु भएको हो।

दुर्घटनामा घाइते भएका गाडी चालक ४६ वर्षीय विश्वनाथ अधिकारी, ५२ वर्षीय रामशरण अधिकारी, ७६ वर्षीया हरिकला खनाल, ५१ वर्षीया गायत्री खनाल र ६३ वर्षीय चन्द्रनाथ शर्माको काठमाडौँका विभिन्न अस्पतालमा उपचार भइरहेको छ। »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# कतारमा विशेष राहदानी नवीकरण कार्यक्रममार्फत २५० जना श्रमिकले लिए लाभ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ असोज

पछिल्लो तीन साल, दुई साल र एक सालदेखि म्याद सकिएको पासपोर्ट बोकेर कतारमा नेपाली बसिरहेका छन् भन्दा पत्याउन गाह्रो हुन्छ। तर यो वास्तवमै सत्य रहेको नेपाली राजदूतावास कतारले शुक्रबार सञ्चालन गरेको विशेष राहदानी नवीकरण कार्यक्रममार्फत उजागर भएको छ । आफ्नो पासपोर्टको म्याद सकिएर अप्ठेरोमा परेका र कतारी आइडी नवीकरणमा समस्या परेका श्रमिकका लागि नेपाली राजदूतावास आफैंले पासपोर्टको फाराम भरिदिने क्रममा यस्ता समस्याहरू देखिएका हुन् ।

दूतावासभित्र भेटिएका श्रमिकहरूमध्ये केही श्रमिकहरूसँग बुझ्दा उनीहरूले पासपोर्टको फाराम भर्न विभिन्न टाइपिङ सेन्टरमा पैसा दिएर भर्न लगाए पनि 'स्लट नपाएको र पर्ख' भनेर आफूहरूलाई लामो समय पर्खाइमा राखेको बताए । दूतावासभित्र नवीकरणका लागि उपस्थितहरुमध्ये २५० जनाले राहदानीको शुल्क तिरे पनि साँझ ६ बजेसम्म २२५ जनाले मात्र राहदानी नवीकरणको प्रक्रिया पूरा गर्न सफल भएको नेपाली राजदूतावास कतारका प्रथम सचिव कृष्ण कुमार सुवेदीले जानकारी दिए। उनले बाँकी २५ जनालाई आइतबार, सोमबार र मंगलबारका लागि मिति तोकी फिर्ता पठाइएको बताए ।

पासपोर्ट नवीकरणका लागि श्रमिकहरू बिहान ४ बजे नै दूतावास पुगेका थिए। बिहान १० बजेबाट मध्याह्न ४ बजेसम्म फाराम भर्ने तालिका



रहे पनि श्रमिकहरू टाढाबाट समेत आएका कारण साँझ ६ बजेसम्म कर्मचारी खटिएका थिए। बिहान ९ बजे नै दूतावासको परिसर बाहिर करिब ७ सय श्रमिक नवीकरणका लागि पुगेपछि थेग्न निकै हम्मेहम्मे परेपछि स्थानीय सुरक्षाकर्मीको सहयता लिँदै पासपोर्ट र आइडी दुवै सकिएका र त्यसमा पनि सबैभन्दा लामो समयदेखि नवीकरण गर्न असमर्थ श्रमिकको पहिचान गरी नवीकरण प्रक्रियामा लगिएको थियो ।

लामो समयदेखि स्लट नपाएर रुमल्लिएका श्रमिकहरूको अनुहारमा भने छुट्टै खुसी देखिएको थियो । 'हामीलाई नेपाल सरकार कतारमा छ है भन्ने महसुस भयो,' कपिलवस्तुका राम लखन अयीरले मध्यान्हसँग खुसी साटे । उनले आफू जस्तै अन्य नेपालीहरूको पनि पासपोर्टको म्याद सकिएको बताउँदै आफूले दूतावासमा बुझेको कुरा सिकाउने र अरूलाई पैसा दिएर फाराम भर्नबाट रोक्ने बताए ।

श्रमिकलाई आवश्यक पर्ने विभिन्न सहयोगका लागि दूतावास पुगेका विभिन्न व्यक्तिहरूले भने दूतावासको यस कदमको प्रशंसासमेत गरे । एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टले दूतावासको नयाँ कदमले बिचौलियाहरूबाट नेपालीको ५ लाखजति रकमसमेत बचत भएको भन्दै खुसी साटे । भट्टको छेउमै रहेका नेपाली जनसम्पर्क समिति कतारका सभापति मोहमद अजिज अलिले भर्खरै भएको परराष्ट्रमन्त्री आरजु देउवा राणाको भ्रमणले पनि यस कार्यका लागि विशेष अर्थ राखेको बताए ।

श्रमिकको सहजीकरणमा बिहानैदेखि एनआरएनएका प्रथम उपाध्यक्ष कृष्ण पन्थी, सचिव सन्तोष क्षेत्री, नेपाल पत्रकार महासंघ कतारका अध्यक्ष दिलकुमार श्रेष्ठ, प्रवासी भुजेल समाज कतारका अध्यक्ष विकास भुजेल, कतार नेपाली एकता समाजका अध्यक्ष राम प्रसाद पराजुली, जसपा नेपालका केन्द्रीय सदस्य तथा नेपाली समाज कतारका अध्यक्ष मनिष यादव, प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका उपसचिव तथा प्रचार विभाग प्रमुख चानक पोखरेललगायतका थुप्रै सामाजिक तथा सामुदायिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले फारम भर्न र लाइनमा बस्न सहजीकरण गरेका थिए ।

कतारबाट राहदानी नवीकरणका लागि अनलाइन स्लट उपलब्ध नहुँदा कतारमा रहेका नेपाली श्रमिकहरूले लामो समयदेखि समस्या झेलिरहेका थिए। श्रमिकका ती समस्या समाधानका लागि गैरआवासीय नेपाली संघ, नेपाल पत्रकार महासंघ कतार शाखा र कतारमा स्थापित अन्य वैचारिक तथा सामाजिक संस्थाहरूको छलफलपछि यो विशेष कार्यक्रमको आयोजना गरिएको थियो । शुक्रबारको कार्यक्रममा सहभागी हुन नपाएका श्रमिकहरूको संख्यासमेत धेरै भएकाले दूतावास दशैंपछि पुनःअझै राम्रो व्यवस्थापनसहित विशेष कार्यक्रम सञ्चालन गर्ने योजनामा रहेको बुझिएको छ ।

# वीर अस्पतालमा कार्यरत ९ श्रमिक रोजगारदाता कम्पनीबाट निष्कासित

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, १९ असोज

५० वर्ष उमेर पार गरेको भन्दै वीर अस्पतालको विभिन्न सेक्टरमा काम गर्ने ९ जना श्रमिकहरुलाई रोजगारदाता कम्पनीले निष्कासन गरेको छ ।

वीर अस्पतालबाट यसरी निष्कासन भएका श्रमिकहरूमा बसुन्धरा रम्तेल,संगीता श्रेष्ठ, जुनकेरी श्रेष्ठ, दिलबहादुर परियार, इन्द्र राना, मुना बजगाईं, सान्ता नेपाली,चौबहादुर गुरूङ र हिरा नेपाली छन्।

विगत लामो समयदेखि वीर अस्पतालको सरसफाइदेखि बिरामीको सेवामा कार्यरत उनीहरूलाई रोजगारदाता कम्पनी फेरिएसँगै सेवाबाट हटाइएको हो । अस्पतालको इण्डोस्कोपी वार्डमा लामो समयदेखि काम गर्दै आएकी एक महिलालाई ५० वर्ष उमेर पुगेको भन्दै कामबाट निकालिएपछि सहयोगको याचना गर्दै सञ्चारकरमीहरूसँग आइपुगेकी छन्।

जब चाडपर्व आउँछ मानिसका आवश्यकताहरु बढेका हुन्छन्,तर दशैंको संघार पारेर कामबाट निकालिनु पर्दा कसको चित्त दुख्दैन होला र ? चाडपर्वनै नभए पनि गरिरहेको काम छुटेपछि पीडा त हुने नै भयो । यस्तै भएको छ, वीर अस्पतालको विभिन्न सेक्टरमा काम गर्ने १० जना श्रमिकहरुलाई ।

विगत २ देखि १५ वर्षसम्म निरन्तर रुपमा ज्यालादारीमा काम गर्दै आएका उनीहरूलाई मुख्य रोजगारदाताकै निर्देशनमा सेवाबाट बञ्चित गरिएको मजदुर संगठनका नेताहरूको आरोप छ ।

उनीहरूलाई नयाँ रोजगारदाता कम्पनी इनफोटेचले कामबाट निकालेको हो। पचास वर्ष उमेर पुगेका कामदारलाई काममा नराख्न अस्पताल प्रशासनले भनेकोले उमेर हद देखाएर कामबाट हटाइएको पीडितहरुले बताएका छन् ।



उमेरकै कारणले कामबाट निष्कासन गर्नुको कारण बुझ्दा पीडितहरु भन्छन्,' रोजगारदाता कम्पनी र अस्पताल प्रशासनबीच पचास वर्ष भन्दामाथि उमेरका कामदार नराख्ने सम्झौता भएको थियो भन्ने गरेका छन् रे ।'

विभिन्न रोजगारदाता कम्पनीमार्फत १०/ १५ वर्षदेखि काम गरिसकेका अनुभवी कामदारलाई प्रशासनको आदेशमा भन्दै दशैंको मुखमा कामबाट बिदा गरिँदा आफुहरुमाथि अन्याय भएको अर्का पीडितको भनाइ रहेको छ । पीडितहरुले भने, 'इनफोटेक रोजगारदाता कम्पनीले प्रशासनसँग वार्ता गर्ने वातावरण नबनाएको र तपाईंहरुको ठाउँमा अरु नै मान्छे नियुक्ति गरिसकेको छ, अब नआउनु भनेर मौखिक जानकारी गराएका थिए ।'रोजगारदाता कम्पनीलेबीचमा हस्तक्षेप गरेको पीडितहरुको आरोप छ ।

'हामीलाई अस्पताल प्रशासनसँग कुरा गर्न दिएको भए हामीले गरेको योगदान र पाउने अधिकार माग गर्ने थियौं। यो कस्तो नियम हो हामीले बुझेका छैनौं । सरकारी सेवामा ५८ वर्षसम्म काम गर्न पाइन्छ भने यो त हामी प्राइभेट कम्पनीमार्फत काम गरिरहेका हौं । इनफोटेक भन्दा पहिलेको रोजगारदाता कम्पनीमा यो नियम थिएन । यसमा किन यस्तो भयो हामी अन्योलमा छौं' पीडितहरुले दुखेसो पोखे ।

यस्तै श्रमिकहरुको पक्षमा वकालक गर्दै आएको नेपाल सुरक्षा ट्रेड युनियनका अध्यक्ष प्रेमबहादुर कार्की र नेपाल स्वतन्त्र आउटसोर्स श्रमिक संगठनका अध्यक्ष तारादेवी केसीले चिकित्सा विज्ञान प्रतिष्ठान वीर अस्पताल र श्रमिक आपूर्तिकर्ता कम्पनी इन्फोटेचलाई आफ्नो ध्यानाकर्षण भएको भन्दै मुख्य रोजगारदाता र सहायक रोजगारदाता संस्थालाई पत्राचार गरेका छन् ।

उनीहरूले टेण्डरको नाममा श्रम कानून विपरीत हाजिर गर्न बञ्चित श्रमिकलाई कानून बमोजिम हाजिर गराउन भन्दै भनिएको छ, 'श्रम ऐन २०७४ पालन नगरी कामदार निकाल्नु प्राकृतिक न्यायको सिद्धान्त विपरीत हो । टेण्डर अह्वान गरी नियम संगत रोजगार कम्पनीमा काम गरिरहेका श्रमिकलाई मनोमानी नीति बनाएर हटाउने कार्य सच्याएर निष्कासन गरिएका ९ जनालाई पुनर्वहाली नगरिए आन्दोलनका कार्यक्रम अगाडि बढाउनका साथै कानूनी उपचारमा जान बाध्य हुनेछौं ।'असोज १५ गतेबाट आएको नयाँ ठेकेदारले पुराना र अनुभवी श्रमिकलाई यसरी चाडपर्वको मौका छोपेर गरिएको व्यवहार निन्दनीय भएको श्रम क्षेत्रको हक अधिकारमा क्रियाशिल संस्था नेपाल सुरक्षा श्रमिक ट्रेड युनियनका महासचिव वेदप्रसाद हुमागाईंले बताए ।

# दुर्गा पूजा समितिलाई मेयर कुर्मीद्वारा १ लाख रुपैयाँ सहयोग

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ असोज

रौतहटको वृन्दावन नगरपालिका-६ सिसवा धमौरास्थित ऐतिहासिक दुर्गा मन्दिरमा नगर प्रमुख बिनोद प्रसाद कुर्मीले विशेष पूजा अर्चना गर्दै धार्मिक, सांस्कृतिक गतिविधिहरूलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् ।

दुर्गा मन्दिर क्षेत्रको सबैभन्दा पुरानो धार्मिक स्थल मानिन्छ, हरेक वर्ष दुर्गा पूजाका अवसरमा हजारौं भक्तजनको उपस्थिति रहँदै आएको छ ।

नगर प्रमुख कुर्मीले उक्त मन्दिरमा पूजाआजा गर्दै दुर्गा पूजा समिति गरुडा/वृन्दावन नगरपालिकाका मेला समितिसँगको आफ्नो प्रतिबद्धता पूरा गर्न एक लाख रुपैयाँको चेक हस्तान्तरण गरेका छन् । यो रकम दुर्गा पूजा मेलाको सफल आयोजना र व्यवस्थापनका लागि सहयोग स्वरूप प्रदान गरिएको हो। उक्त चेक मेला समितिका अध्यक्ष एवं वृन्दावन नपा-६ सिसवाका वडा सदस्य महेन्द्र दासलाई मेला समितिको उपस्थितिमा हस्तान्तरण गरिएको छ । नगर प्रमुख कुर्मीले जनताको




सेवामा सधैं उत्तरदायी र विकासप्रेमी रहँदै आएको धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूको प्रवर्द्धनमा निरन्तर योगदान गर्दै आएका छन् । उनले दुर्गा मन्दिरको महत्वलाई उल्लेख गर्दै भविष्यमा अझ धेरै सहयोग गर्ने वाचा गरे। यस कार्यलाई मेला समितिका सदस्य र स्थानीयबासिन्दाहरूले निकै उच्च मूल्यांकन गर्दै मेयर कुर्मीप्रति आभार व्यक्त गरे ।

चेक हस्तान्तरण कार्यक्रममा मेला समिति अध्यक्ष महेन्द्र दास, प्रमुख मेला व्यवस्थापक राजकुमार दास, सचिव बिसुनदयाल राय, कोषाध्यक्ष सिकिन्दर दास, सहसचिव रामप्रवेश यादव लगायतका मेला व्यवस्थापनका प्रमुख व्यक्तित्वहरुको उपस्थित रहेको थियो ।

कार्यक्रमका प्रमुख वक्ताहरूले मेला समितिका सदस्यहरूले गरेका योगदानहरूको प्रशंसा गर्दै नगर प्रमुख कुर्मीको सहयोगले यस पटकको दुर्गा पूजालाई अझ भव्य र सफल बनाउन मद्दत गर्ने आशा व्यक्त गरेका थिए । धार्मिक उत्सवहरूलाई संरक्षण गर्न र भविष्यमा पनि यस्ता सहयोग निरन्तर हुने विश्वास व्यक्त गर्दै कार्यक्रमको समापन गरिएको थियो ।

कतिपयले नगद लेनदेनका लागि फाइल अड्काएको आरोप लगाउँदै आक्रोस व्यक्त गर्ने गरेका छन् ।

पटक-पटक दूतावास जाँदा मागपत्र नै प्रमाणीकरण नहुँदा नेपालबाट कामदार लैजान चाहने यूएईका रोजगारदाताहरुले लामो समयदेखि दिक्दारी र निराशा व्यक्त गर्दै आएका छन् । त्यसकै कारणले कतिपय रोजगारदाताले अन्य मुलुकबाट कामदार लैजान थालेको बताइएको छ। समयमा मागपत्र प्रमाणीकरण नहुँदा यूएईको आकर्षक रोजगारी, नेपालले दैनिकरुपमा प्राप्त गर्ने राजस्व र नेपालप्रतिको रोजगारदाताको विश्वसनीयता सबै गुमाएको व्यवसायीहरुको भनाइ छ ।

**सवारी...**
पूर्वी नवलपरासीमा पनि सवारी दुर्घटना भएको छ ।
पूर्व-पश्चिम राजमार्गअन्तर्गत मध्यविन्दु नगरपालिका-८ मा लु ३४ प३०७७ नम्बरको मोटरसाइकल र ग्रेडर ठक्कर खाँदा एक युवकको मृत्यु भएको छ ।

दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक बुटवल उपमहानगरपालिका-११ का २१ वर्षका सागर क्षेत्रीको उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकलमा सवार राजन अधिकारीको बायाँ हातमा चोट लागेको छ ।

नवलपरासीकै कावासोती नगरपालिका-१ मा स्कुल बसको ठक्करबाट एक बालकको मृत्यु भएको छ ।

गण्डकी बोर्डिङ स्कुलको ना १ क ५८१७ नम्बरको बसको ठक्करबाट स्थानीय २ वर्षीय बालकको मृत्यु भएको हो ।

यस्तै, मकवानपुरको बागमती गाउँपालिकामा पनि शनिबार यात्रु बाहक इभि गाडी दुर्घटनामा परेको छ । दुर्घटनामा परेर तीन जना यात्रु घाइते भएका छन् ।

धरान चतरा सडकखण्ड अन्तर्गत बागमती गाउँपालिका वडा नम्बर-८ साततलेमा प्रदेश १-०२/००१ ज ४३२८ नम्बरको इभि गाडी अनियन्त्रित भई दुर्घटनामा परेको हो ।

मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालका अनुसार गाडी काठमाडौंबाट हेटौंडा हुँदै धरानको लागि छुटेको थियो ।

घाइते हुनेमा चालक धनकुटाको बुद्ध नगरपालिका १ हिलेका ५२ वर्षीय देवी थापा, ३० वर्षीय प्रमिला तामाङ र काठमाडौंको चाबहिलकी ४८ वर्षीया बिना तामाङ लामा रहेका छन् ।

**बाढीपहिरो...**
मन्थली नगरपालिका, रामेछाप नगरपालिका, खाँडादेवी गाउँपालिका, दोरम्भा शैलुङ गाउँपालिका, सुनापति गाउँपालिका, लिखु तामाकोशी गाउँपालिका, गोकुलगंगा गाउँपालिका र उमाकुण्ड गाउँपालिका पनि विपद्बाट अति प्रभावित छ ।

सिन्धुपालचोकाको भोटेकोशी गाउँपालिका, ललितपुरको बागमती गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र गोदाबरी नगरपालिका, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका, पनौती नगरपालिका, तेमाल गाउँपालिका, नमोबुद्ध नगरपालिका, बेथानचोक गाउँपालिका, मण्डनदेउपुर नगरपालिका, चौरीदेउराली गाउँपालिका र महाभारत गाउँपालिकालाई पनि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

सिन्धुलीको गोलन्जोर गाउँपालिका, सुनकोशी गाउँपालिका र फिक्कल गाउँपालिका, मकवानपुरको इन्द्रसरोवर गाउँपालिका, बकैया गाउँपालिका, चितवनको भरतपुर महानगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकालाई पनि विपद् संकटग्रस्त क्षेत्र हो ।

यी क्षेत्रमा भौगोलिक विकटता लगायतका कारणले समेत राहत पुऱ्याउनमा समस्या भएको बताइन्छ ।

**उपनिर्वाचन...**
उनी भन्छन्, 'उपनिर्वाचनमा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारलाई दलको औपचारिक पत्र प्रदान गर्नका लागि पार्टी सभापति शेरबहादुर देउवालाई जिम्मेवारी प्रदान गर्ने निर्णय भइसकेको छ ।'

नेकपा एमालेभित्र भने स्थानीय तहमा रिक्त पदका आकांक्षीले लबिङ सुरु गरिसकेका छन्। यस पटक उपचुनाव हुन लागेका ठाउँमध्ये कीर्तिपुर नगरपालिका सबैभन्दा ठूलो र तीन पद रिक्त भएको स्थानीय तह हो ।

कीर्तिपुर नगरपालिकामा मेयरसहित वडा नम्बर १ र ४ का वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ ।

कीर्तिपुर नगरपालिकाका मेयर राजकुमार नकर्मीको निधनका कारण त्यहाँ उपनिर्वाचन हुन लागेको हो। नकर्मी नेपाली कांग्रेसबाट निर्वाचित थिए ।

यसपटक जित आफ्नो हातमा ल्याउन एमालेले कीर्तिपुरको मेयरमा बलियो उम्मेदवारको खोजी गर्दैछ । नेताहरूका अनुसार सम्भावित नामहरू तय भएका छन् । जसमा रहेका छन् - केन्द्रीय सदस्य डा. सुरेन्द्र मानन्धर । उनी २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा उम्मेदवार बनेका थिए ।

मानन्धरबाहेक पूर्वमेयर रमेश महर्जन, केशरत्न बज्राचार्यको नाममा समेत छलफल चलिरहेको छ ।

**भिजिट...**
५०० अमेरिकी डलर बराबरको नगद सटही भएको प्रमाण (नगद वा डेबिट/क्रेडिट कार्ड) पनि बुझाउनुपर्ने छ। यूएई, बहराइन, कुवेत, कतार, ओमान र साउदी अरबमा भिजिट भिसामा जानेहरुले कसैको करकाप वा प्रलोभनमा नपरी नितान्त भ्रमण प्रयोजनका लागि प्रस्थान गर्न लागेको स्वघोषणाको एउटा फारम पनि भरेर अध्यागमन कार्यालयमा बुझाउनुपर्ने प्रावधान भएपनि केही वैदेशिक रोजगार व्यावसायी, कन्सल्टेन्सी, ट्राभल एजेन्ली र एजेन्टहरुले विभिन्न बाहनामा कामदारलाई भिटिज भिसामा पठाउने गरेको पाइएको छ ।

अध्यागमन विभागका निर्देशक एवम् सूचना अधिकारी प्रेमप्रसाद दाहालले भिजिट भिसाको नाममा ठगी हुने, नक्कली कागजात बनाएर विदेश जाने र उतै लुक्ने क्रम बढेपछि नयाँ नियम लागू गरिएको जानकारी दिए। यसबाट भिजिट भिसाको नाममा हुँदै आएको विकृति रोकिने विभागको विश्वास छ ।

तर विमानस्थलबाट एजेन्टले ६ बुँदे कार्यादेशको खल्ली उठाउदै मनोमानी ढंगबाट कामदारलाई त्रिभुवन विमानस्थलबाट खाडी मुलुकमा पठाउने कार्य भएको कारणले सीआईबीले विशेष अपरेसन गरेको जनाइएको छ । गत हप्तादेखि मानव वेचबिखन व्युरोबाट भिजिट भिसामा जाने महिलाहरुको शुक्ष्म निगरानी भैरहेको छ। यसमा सिआईबीको भूमिका महत्वपूर्ण रहेको जानकारहरु बताउँछन । नेपाल सरकार गृह मन्त्रालय स्तरको ६ बुद्धे कार्यविधिले उच्च रुपमा मानव वेचबिखन देखिने भएकाले यो ६ बुद्धे कार्यविधिलाई संशोधन गर्नुपर्ने आवश्यक देखिन्छ। यो कार्यविधि गत बर्ष २०८० माघ ६ गतेदेखि कार्यान्वयनमा आएको हो ।

यसअघि अध्यागमन ऐन २०४९, नियमावली र निर्देशिकामा भिजिट भिसा के हो भन्ने स्पष्ट छैन । त्यहाँ पर्यटक भिसाको कुरा मात्र छ । त्यसैले २०७८ सालमा सचिवस्तरीय निर्णयबाट भिजिट भिसा सम्बन्धी १७ बुँदे मापदण्ड जारी गरेर स्पष्ट पार्ने प्रयास गरिएको थियो । '१७ बुँदे लागू भएपछि झन् धेरै विकृतिहरु देखिन थाले,' निर्देशक दाहालले भने, ' नक्कली कागजात बनाएर विदेश जाने, ठगिने, विदेश गएर उतै लुक्ने, दुःख पाउने जस्ता काम विकृतिहरु देखिएपछि १७ बुँदेलाई खारेज गरेर अहिले ६ बुँदे नियम ल्याइएको थियो तर एजेन्टले सो बुद्धाको फाइदा उठाउँदै निरन्तररुपमा कामदारका लागि महिलाको तस्करी ब्यापकरुपमा भएको छ, जुन कार्यलाई अध्यागमनले निरुत्साहित गर्ने गरेको छ ।'

६ बुँदे नियमसँगै ट्राभल एडभाइजरी पनि जारी गरिएको छ । त्यसमा के-के गर्ने, के-के नगर्ने कुराहरु उल्लेख छन् । त्यो ट्राभल एडभाइजरी ७५३ वटै स्थानीय तहमा पठाइएको निर्देशक दाहालले बताए। गाउँघरमा जनचेतना फैलाउने काम होस् भन्ने उद्देश्यले सबै पालिकाहरुमा ट्राभल एडभाइजरी पठाइएको उनको भनाइ छ । अध्यागमनमा सिआईबीको निगरानी बढाएसँगै एजेन्टहरुले आफनो कार्य अनुकुल श्रम स्किृति विना, होटल बुकिङ, पासपोर्टको म्याद सकिएको र आफू कुन देश केका लागि जाने भन्ने विषयमा अनविज्ञ भएका महिला तथा पुरुषहरुलाई विमानस्थलबाट फकाइन थालिएको छ ।

विमानस्थलमा भएका विभिन्न संयन्त्रहरुले कडाइका साथ भिजिट भिसालाई थप अनुसन्धान गरिरहेको अध्यागमन स्रोतको दाबी छ। अध्यागमन विभागले विमान स्थलबाट बाहिर जाने र भित्रिने व्याक्तिहरुको कागजपत्रलाई अनुगमन निरन्तर गर्दै आएको कारण कहिले काही संख्यात्मक रुपमा भिजिट भिसामा जानेहरुलाई फकाईएको स्रोतको दाबी छ ।

**मागपत्रमा...**
र यही प्रवृत्ति रहेमा दशैं, तिहार र छठपछि समस्या थप पेचिलो बन्ने कतिपय व्यवसायीहरुको भनाइ छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले मागपत्र प्रमाणीकरणमा समस्या उत्पन्न गराएपछि पटक-पटक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ध्यानाकर्षण गराएको, तर समस्या समाधान नभएपछि दशैं अगाडि नै परराष्ट्रमन्त्री आरजु देउवा राणालाई भेटेर समस्या अवगत गराउने अवस्थामा पुगेको बताए ।

महासचिव भुर्तेलले यूएईका रोजगारदाताले ठूलो संख्यामा मागपत्र प्रमाणीकरणका लागि फाइल पेस गर्ने तर दूतावासले कुनै सन्तोषजनक कारण नदिइ बढीमा २ सय जनाको मात्रै मागपत्र प्रमाणीकरण गरिदिने गरेको छ ।

यूएईस्थित नेपाली दूतावासले गत जुन १० देखि परराष्ट्र मन्त्रालयले तयार पारेको अनलाइन प्लेटफर्मलाई वैदेशिक रोजगार विभागले प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)सँग समन्वय गरी मागपत्र प्रमाणीकरण शुरु गरेपछि मागपत्र प्रमाणीकरणमा समस्या देखिन थालेको हो । उक्त समस्या राम्रोसँग समाधान नभएको अवस्थामा कोटा तोक्ने तजबिजी प्रवृत्तिले थप समस्या भएको बताइएको छ ।

दूतावासले यसअघि काम गरेका नेपाली कामदारले तलब सुविधा पाए-नपाएकोदेखि कम्पनीको अवस्था विश्लेषण गरेर मागपत्र प्रमाणित गर्ने गरेको बताउँदै आएको छ। तर व्यवसायीहरु दूतावासको उक्त भनाइ आफ्नो गलत निर्णय ढाकछोप गर्ने चलाखी मात्रै भएको टिप्पणी गर्छन् ।


## Bedkot Municipality
## Office of Municipal Executive
**Sisaiya, Kanchanpur**
**Sudurpakshim Province, Nepal**

**Invitation For Bids**

**Date of RePublication: 2081/06/20 (6-Oct-2024)**

1. Bedkot Municipality, Office of the Municipal Executive, Kanchanpur invites bid for eligible Medicine Suppiliers for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|
| 1 | 07/G/081/082 | The Procurement (Supply and Delivery) of 4WD-Hardtop Jeep | 90 days | 185,000.00 | 3000.00 |
| Further Information to bidders; | | | | | |
| Last date and time of Bid Submission | 2081/07/05 ( 21-OCT-2024 )( upto 12:00 Noon) | | | | |
| Date, Time and Place of Bid Opening | 2081/07/05 ( 21-OCT-2024 ); at 2:00 PM, At Bedkot Municipality Office, Kanchanpur | | | | |
| Bid Security Validity Period | 30 Days beyond bid validity period | | | | |
| Account No. for Bid Document Purchase | NIC Asia, Daijee, GA1.1-ANTARIK RAJASHWA KHATA -BEDKOT NAGARPALIKA-1852050028240002 | | | | |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Name of the Bank: NIC Asia Bank, Daijee, Kanchanpur<br>Name of Office: Bedkot Municipality, Kanchanpur<br>Office Account No. : I5CA052423252403 (Dharauti Khata) | | | | |

2. Bidders shall submit their bid Online only .
3. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Bedkot Municipality office, Sisaiya, Kanchanpur.

**Chief Administrative Officer**

# स्थानीय मदिरालाई ब्रान्डिङ गर्दै परिवर्तन गाउँपालिका

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १९ असोज



रोल्पाको परिवर्तन गाउँपालिकाले स्थानीय मदिरा (रक्सी) लाई ब्रान्डिङ गर्ने भएको छ। आफ्नो पालिकाभित्र उत्पादन हुने खाद्यान्न र फलफूलबाट उत्पादन गरी स्थानीय रक्सीलाई ब्रान्डिङ गर्न लागेको हो। मकै, गहुँ, कोदो, धान, फापर, जौ, आलु लगायतको अनाजबाट र आरु, पलम, लाली गुराँस, छुत्रा, स्याउ लगायतको फलफूलबाट स्थानीय मदिरा उत्पादन गरी ब्रान्डिङ गरिने परिवर्तन गाउँपालिका अध्यक्ष सुकबहादुर बुढा मगरले बताए।

अध्यक्ष बुढा मगरका जानकारी अनुसार २२ असोजमा सल्लाह सुझावका लागि गोष्ठी कार्यक्रमको आयोजना गरिएको समेत जानकारी गराए। परिवर्तन गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम तथा बजेट आयातित मदिरा न्यूनीकरण र गुणस्तरहीन मदिरालाई निषेध गर्न स्थानीय बाली र फलफूलबाट मदिरा (रक्सी) ब्रान्डिङ गरी रोजगारी सिर्जना गरेर आर्थिक समृद्धि हासिल गर्ने कार्यक्रमको उद्देश्य रहेको छ।

उक्त कार्यक्रमलाई सफल बनाउनका लागि परिवर्तन गाउँपालिकाको आयोजना तथा गण्डकी विश्वविद्यालय पोखरामा रहेको राष्ट्रिय आविष्कार केन्द्रको सहयोगमा स्थापना भएको ट्रेडिसनल रक्सी प्रीजर्भेसन आर.एन्ड.डी सोसाइटीको सहजीकरणमा गोष्ठी हुन लागेको बताइएको छ।

गोष्ठी कार्यक्रम २०८१ असोज २२ गते परिवर्तन गाउँपालिकाको बहुउद्देश्यीय सभाहल पुतलाचौरमा १२ बजे राखिएको छ। गोष्ठी कार्यक्रममा गाउँपालिकाभित्र क्रियाशील रहेका विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, महिला आमा समूहका प्रतिनिधि, होटल व्यावसायिक, नास्ता पसल सञ्चालक, उद्यमीलगायत इच्छुकहरुलाई उपस्थित हुन गाउँपालिकाले आग्रह गरेको छ।

छलफलमा अध्ययन अनुसन्धानको बारेमा छलफल हुने बताइएको छ। परिवर्तन गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम तथा बजेटमा स्थानीय मदिरा (रक्सी) ब्रान्डिङ अध्ययन अनुसन्धान भनेर रु. १५ लाख रकम छुट्याइएको छ।

# अर्घाखाँचीमा बजार अनुगमनलाई प्रभावकारी बनाइने

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ असोज




चाडपर्वको समयमा हुने कालो बजारी नियन्त्रण गर्न र अवैध सामानहरु बजारमा भित्रिन नदिन अर्घाखाँचीमा बजार अनुगमनलाई प्रभावकारी बनाइने भएको छ।

खाद्य व्यवस्थापन तथा आपूर्तिको विषयमा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालको अध्यक्षतामा बसेको बैठकले चाड पर्वको समयमा उपभोक्ताहरु बढी ठगीने भएकाले अनुगमन प्रभावकारी बनाउने निर्णय गरेको हो।

जिल्ला प्रशासन कार्यलय अर्घाखाँचीले चाडपर्व लक्षित बजार अनुगमन गर्ने गरेको भएपनि अन्य समयमा बजारमा हुने वेथिती नरोकिएको गुनासो आएपछि यसलाई सधैंका लागि निरुत्साहित गरी निरन्तर बजार अनुगमन गर्न टोली खटिने प्रजिअ अर्यालले बताए।

अर्घाखाँचीका विभिन्न कारणबाट राजस्व चुहावट भएकाले चुहावट रोक्ने विषयमा राजस्व चुहावट समितिको बैठक सम्पन्न भएको प्रशासकीय अधिकृत नुमलाल पन्थिले जानकारी दिए। बजारमा दर्ता नगरी व्यवसाय सञ्चालन गरेको, भ्याट बिलको कारोवारमा विल नकाट्ने, अण्डर विलिङ गरेको तथा मनलाग्दी मूल्यमा सामग्री बेच्ने जस्ता कार्यबाट राजश्व चुहावट भएको बैठकको निष्कर्ष रहेको आन्तरिक राजस्व सेवा कार्यलय अर्घाखाँचीका प्रमुख कर अधिकृत स्वागत थापाले बताए।

अनुगमनको क्रममा अवैध रुपमा कारोबार गरेको भेटिए कडा भन्दा कडा कारबाही गर्ने पनि बैठकले निर्णय गरेको जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीका प्रशासकीय अधिकृत नुमलाल पन्थीले जानकारी दिए।

भर्खरै मात्र अर्घाखाँचीको प्रमुख जिल्ला अधिकारीको रुपमा सरुवा भइ आएका अर्यालको नजर यतिबेला बजार, सडक, सरकारी कार्यालयमा परेको छ। गत साता पनि अर्याल आफै बजार अनुगमनमा खटिएका थिए। उपभोक्ताको हितकै लागि प्रशासनको नजर बाह्रै महिना बजारमा पर्न सकेमा मात्र कालो बजारी, ठगी तथा चुहावट जस्ता कार्य नियन्त्रण हुनेमा आफुहरु आशावादी रहेको सन्धिखर्क २ का दुर्गा पौडेलको भनाइ छ। बजार अनुगमन गर्ने प्रजिअहरुको नै १ वर्षमा सरुवा हुने प्रापधान रहेकोले यसको निरन्तरतामा भने शंका हुने स्थानीय बजारबासी बताउँछन्।

जिल्ला प्रशासनमा बसेको महत्वपूर्ण बैठकमा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, सम्बन्धित सरकारी कार्यालयका प्रमुख, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, उद्योग व्यापार संघ जस्ता व्यवसायीका संघसंगठनका प्रमुख तथा, प्रतिनिधि, नेपाल पत्रकार महासंघका प्रतिनिधि तथा सरोकारवाला निकायको उपस्थिति रहेको थियो।

# 'सुवर्ण शमशेरको योगदानले कांग्रेसलाई जीवन्त बनाउन सम्भव भयो'



**ललितपुर/मस-** सुवर्ण स्मृति परिषदको एघारौं साधारणसभामा धारणा राख्ने बक्ताहरुले सुवर्ण शमशेरको योगदानले नै कांग्रेसलाई जीवन्त बनाउन र देशमा प्रजातन्त्र ल्याउन सम्भव भएको बताएका छन्।

परिषादको शुक्रबार ललितपुरमा आयोजित साधारणसभामा मन्तव्य राख्दै परिषदका जेष्ठ सदस्य रामप्रसाद दवाडीले राणाले देशलाई नयाँ भिजन दिन खोजेको भन्दै त्यसलाई राजा महेन्द्रले सत्ता हातमा लिएर असफल बनाइदिएको बताए।

'उहाँले पार्टीमा पनि कुनै छुट्टै गुट बनाउनेतिर लाग्नुभएन, उदारवादी व्यक्तित्व हुनुहुन्थ्यो, कुलबहादुर गुरुङले कुनै एक सञ्चार माध्यमलाई दिनुभएको अन्तर्वार्तामा वि पी र सुवर्ण कांग्रेस भएर नै प्रजातन्त्र ल्याउन सम्भव भएको हो भन्नुभएको छ, वास्तवमा भूमिगतकालमा नेपाली कांग्रेसलाई पुरै सुवर्ण शमशेरले नै पैसा दिएर सहयोग गर्नुभएको थियो', दवाडीले भने।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य मदन कृष्ण श्रेष्ठले सुवर्ण शमशेरले आफ्नो जीवन प्रजातान्त्रिक व्यवस्था ल्याउनका साथै देश र जनताका लागि आत्माहुति गरेको बताए।

श्रेष्ठले भने, 'धनी परिवारको पुत्रले सहयोग गरेर प्रजातान्त्रिक व्यवस्था फस्टाएको हो, उहाँले पैसा दिएको मात्रै कुरा ठूलो हैन, नेतृत्वलाई सफल बनाउन वि पी. ले भनेका हरेक कुरा मानेर सहयोग गरेर पनि महत्वपूर्ण योगदान गर्नुभएको थियो। सुवर्णको सम्मानलाई चिरस्थायी बनाउनुपर्छ, उहाँले आफ्नो सम्पत्ति दिएर कांग्रेसलाई हुर्काएको हो।'

श्रेष्ठले पार्टी र देशको परिवर्तनका लागि त्याग गरेका पुराना व्यक्तिहरु सन्तुष्ट नभएसम्म पार्टीलाई सकरात्मक प्रभाव पर्न नसक्ने बताए। उनले भने, 'जसले जीवन अर्पण गरे उनीहरुको अवस्था के छ भनेर सोधखोज गर्नुपर्छ, यसका लागि तथ्यांकमा उतारेर राख्नुपर्छ।'

उनले कुरा मात्रै गर्ने तर प्रभावकारी नीति, सिद्धान्त र दृष्टिकोण नहुने धेरै पार्टी भएर कुनै काम छैन भन्दै बलियो र प्रभावशाली तीनदेखि चार वटासम्म मात्रै पार्टी हुनुपर्नेमा जोड दिए।

'आर्थिक रुपमा, पर्यटन प्रवर्द्धनमा कसरी विकास गर्न सकिन्छ भन सोच्नुपर्छ, सामुदायिक विद्यालयमा भएको लगानी अनुसार गुणस्तर सुधार्न लाग्नुपर्छ, नेताहरुमा पनि अनुशासन कायम हुन सकेन, जसका कारण लोकतन्त्रप्रति वितृष्णा जाग्यो, यसका लागि हामीले सुधार गर्नुपर्छ, असन्तुष्टिलाई न्युनिकरण गर्दै जानुपर्छ', उनले भने।

परिषदका अध्यक्ष उद्धव ढुंगानाले संस्था वि.सं. २०५८ सालमा गठन भएपनि २०७० सालसम्म कुनै काम हुन नसकेको बताउँदै सुवर्ण शमशेरले नेपालमा प्रजातन्त्र ल्याउन र नेपाली कांग्रेसलाई जीवन्त राख्न गरेको योगदानको चर्चा हुन नसकेको धारणा राखे।

पार्टीले समेत परिषद गठन भएपछि मात्रै सुवर्ण शमशेरको बारेमा ध्यान दिन थालेको भन्दै वि.सं. २०१७ सालदेखि २०२५ सालसम्म निर्वासनमा बस्नेहरुले मात्रै सुवर्ण शमशेरलाई राम्रोसँग चिन्ने बताए।

साधारणसभामा परिषदका महासचिव श्रीभद्र ओझाले संस्थाको वार्षिक प्रगति प्रतिवेदनका साथै भावी कार्यक्रमहरु प्रस्तुत गरेका थिए।

सुवर्ण शमशेर राणा वि.सं. २०१५ सालमा १ वर्ष नेपालका २०औं प्रधानमन्त्री ( मन्त्रिपरिषद् को अध्यक्ष) भएका थिए। राणा परिवारमा जन्मेको भएपनि राणा शासन विरूद्धको आन्दोलनमा व्यापक रूपमा लागेका सुवर्ण नेपाली कांग्रेसको कोषाध्यक्ष र पछि पञ्चायतकालमा बी.पी. कोइराला नजरबन्दमा हुँदा कार्यवाहक सभापति थिए।

२३ वर्षको उमेरमा स्नातकोत्तर गरेका सुवर्ण शमशेर राणा परिवारका प्रथम स्नातकोत्तर हुन्। श्री ३ भीम शमशेरका नाति तथा हिरण्य शमशेरका छोरा नेपालको बजेट इतिहासमा पहिलो बजेट ल्याउने व्यक्ति हुन्। १ सय ४ वर्षे राणा शासनको अन्त्य भएपछि गठन भएको सरकारका अर्थमन्त्री सुवर्ण शमसेरले २००८ सालका लागि बजेट ल्याएका थिए। राणा शासनकालमा र मुलुकको आम्दानी-खर्च विषय जनतालाई थाहा हुँदैन थियो।

प्रजातन्त्रको स्थापनापछि पहिलो पटक मुलुकको आम्दानी के कति हुन्छ, केमा खर्च हुन्छ यसको सार्वजनिक गरिएको थियो। २००८ मा सरकारको सामान्य आम्दानी ३ करोड ५ लाख सोह्र हजार अनुमान गरिएको थियो। खर्च भने ५ करोड ६९ लाख १५ हजार हुने अनुमान गरिएको थियो। जनताको जीवनस्तर उठाउनु र जनताको सांस्कृतिक तथा सामाजिक जीवन उकास्नु बजेटको उद्देश्य थियो।

# लगानीको सुरक्षा गर्न प्रदेश सरकार तयार छ: मुख्यमन्त्री आचार्य

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ असोज



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनाराण आचार्यले लगानीमैत्री वातावरण निर्माण गर्ने र उधोगिहरुको लगानिको सुरक्षा गर्ने जिम्मेवारी सरकारले लिने बताएका छन्।

रुपन्देही उद्योग संघको ४६ औं वार्षिक साधारणसभा उद्घान कार्यक्रमलाई शनिबार बुटवलमा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले लगानीमैत्री वातावरण बनाउन तीन तहकै सरकार प्रतिबद्ध भएर लाग्ने बताए।

प्रदेश सरकारले अगाडि बढाएका औद्योगिक क्षेत्रको विकासको लागि योजनाबद्ध काम हुने समेत स्पष्ट पार्नु पारे। लुम्बिनी प्रदेश सरकारले तराईका केही जिल्लाहरुमा औद्योगिक क्षेत्र बनाउनेगरी निर्णय गरेको थियो। सो निर्णयहरुको कार्यान्वयन गर्नेगरी काम अघि बढ्ने समेत जानकारी गराए।

उद्योगी, व्यवसायीको उत्साहसँग प्रदेशको समग्र विकासको सम्बन्ध जोडिएको भन्दै मुख्यमन्त्री आचार्यले सरकारले उद्योगीमैत्री नीति अलवम्बन गरेको बताए। 'प्रदेश सरकारले राम्रोसँग बुझेको छ। जबसम्म उद्योगी, व्यवसायीहरुले निर्विवाद ढंगले उहाँहरुलाई उत्साहित बनाएर सरकार अघि बढ्न सक्दैन, तबसम्म मुलुकको पनि उन्नति हुन सक्दैन। प्रदेशको पनि विकास हुन सक्दैन। विकास गर्नेभनेकै नीजि क्षेत्रले हो'मुख्यमन्त्री आचार्यले भने'सरकारले लगानीको वातावरण बनाउँछ। लगानी गरेर विकास गर्ने भनेको नीजि क्षेत्रले हो।'

उत्पादनको क्षेत्रमा लगानी बढाउन मुख्यमन्त्री आचार्यले जोड दिए। 'हामी परनिर्भर होइन, आत्मनिर्भर हुन जरुरी छ। स्थानीय उत्पादनलाई बढाउने र आयात भन्दा निर्यातमा जोड दिन जरुरी छ'उनले भने,'स्वदेशी उत्पादनलाई बढाउन सरकारले पनि साथ दिन्छ। स्थानीय उत्पादनको बजारीकरणको लागि सरकारले सहयोग गर्छ।' व्यवसायीहरुलाई पर्ने कानूनी जटिलताको गाँठो फुकाउन सरकार तयार रहेको समेत बताए।

'प्रदेश सरकारले बनाएका कानूनबाट यहाँहरुलाई काम गर्न गर्ने सन्दर्भमा कुनै समस्या परेको छ, भने त्यसलाई सहजीकरण गरेर, त्यो कानूनलाई संशोधन गरेर उद्योगीमैत्री बनाउनको निमित्त प्रदेश सरकार तयार छ' मुख्यमन्त्री आचार्यले भने झमेलामा परेका कानूनी समस्याहरु, ती बाधा अड्चनहरुलाई फुकाउन हामी तयार छौं। त्यस्ता कानूनहरुमा समस्या देखा परेका छन् भने समयमा बुँदागत रुपमा सुझाव राख्न सक्नुहुन्छ।' उद्योगी, व्यवसायीहरुको सुझावलाई सरकारले सम्बोधन गर्ने प्रतिबद्धता मुख्यमन्त्री आचार्यले व्यक्त गरे।

# गेरुवामा बालविवाह न्यूनीकरणका लागि सांस्कृतिक कार्यक्रम

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १९ असोज



दशैंको अवसर पारेर बर्दियाको गेरुवा गाउँपालिकामा बालविवाह न्यूनीकरणका लागि सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ।

वडा नं. ५ को आयोजना तथा प्लान इन्टरनेसनल नेपाल, एक्सन एड, राधाकृष्ण थारू जनसेवा केन्द्र बर्दिया, भेरी वातावरणीय विशिष्टता समुह (वि ग्रुप) र कमैया महिला जागरण समाज नेपाल, बर्दियाको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो।

संस्कृति संरक्षण गर्दै समाजमा फैलिएको बाल विवाह न्यूनीकरणका लागि सांस्कृतिक कार्यक्रममार्फत समुदायको चेतना अभिवृद्धि गर्नका लागि कार्यक्रमको आयोजना गरिएको गेरुवा गाउँपालिका ५ नं. वडाका वडाध्यक्ष धर्म प्रकाश थारूले बताए।

'नगरौँ बिहेको कुरा, भाको छैन २० वर्ष पूरा' भन्ने' नाराका साथ सम्पन्न भएको कार्यक्रममा वडा नं ५ मा रहेका १२ वटा टोलका ११ वटा सांस्कृतिक समूहहरू सहभागी भएका थिए।

गेरुवा गाउँपालिका अध्यक्ष जमान सिंह के. सी.को प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा सहभागी समूहहरुले बालविवाह गर्दा उत्पन्न हुने समस्या, त्यसको असरहरू, एवम् कानूनमा भएको व्यवस्थाको बारेमा आ-आफ्नो समूहको प्रस्तुत गीत तथा नृत्यको माध्यमबाट जानकारी दिने प्रयास गरेका थिए।

कार्यक्रममा सहभागी सम्पूर्ण समूहलाई नगद २ हजार रुपैयाँ नगद र प्रशंसा पत्रले सम्मान गरिएको थियो भने सहयोगी संघसंस्थाहरुलाई गेरुवा गाउँपालिका अध्यक्ष जमान सिंह के. सी.ले कदरपत्र प्रदान गरेका थिए।

कार्यक्रममा गाउँपालिका अध्यक्ष जमान सिंह के. सी., प्रमुख प्रशासकीय अधिकृत नरबहादुर चन्द, ६ वटै वडाका वडाध्यक्षहरु, कार्यपालिका तथा वडा सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, १२ वटै टोलका स्थानीयहरुको सहभागीता रहेको थियो। कार्यक्रममा उपस्थितहरुले बाल विवाह न्यूनीकरणका लागि जारी गरिएको ११ बुँदे प्रतिवद्धता पत्रमा समेत हस्ताक्षर गरेका थिए।

## टोखामा २२औं हप्ताको सफाइ सम्पन्न

**काठमाडौं/मस-** टोखा नगरपालिकाले शनिबार २२ औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न गरेको छ। नगरपालिकाले शनिबार बिहान टोखा ३ को धनेश्वर पुल क्षेत्रमा रहेको खोला किनारको सफाइ, ड्रेन सफाइ र झाडी हटाउने कार्य सम्पन्न गरेको हो। त्यस्तै अभियानकर्मीहरुले फुटपाथ सडक संरक्षणका लागि झाडी हटाउँदै सफा गरेका थिए।

कार्यक्रममा नगर प्रमुख प्रकाश अधिकारी, वडाका जनप्रतिनिधिहरु, कर्मचारी, स्वास्थ्यकर्मी, नगर प्रहरी सामाजिक अभियान्ताहरु, सरसफाइकर्मी, लायन्स क्लव अफ काठमाडौं शुभआरम्भ, सशस्त्र प्रहरी र स्थानीयहरुको बाक्लो सहभागिता रहेको थियो। टोखा नगरपालिकाले २५ औं हप्ताको सफाइ अभियानको दिन विशेष कार्यक्रम गरेर सामाजिक अभियन्ता र सफाइ अभियानकर्मीलाई सम्मान तथा अवार्ड प्रदान गर्ने भएको छ।

## चिन्तन र सापकोटा सम्मानित



**काठमाडौं/मस-** धर्मगुरु अच्युतप्रसाद पौडेल चिन्तनको व्यासत्वमा काठमाडौं ६, बौद्धस्थित महालक्ष्मी महिला समूहबाट एकदिने विशेष देवीमहिमा एवम् कथा प्रवचन र भक्ति संगीत कार्यक्रम चाबहीलको चुच्चेपाटीमा सम्पन्न भएको छ।

सो नवरात्रि महाअनुष्ठानमा लेखक एवम् सामाजिक, धार्मिक अभियन्ता चिन्तन सम्मानित भएका छन्। सो अवसरमा स्थानीय शताब्दी पुरुष दुर्गा सापकोटालाई समेत सम्मान गरिएको समूहकी अध्यक्ष रन्जना न्यौपानेले बताइन्।

विशेष सत्संग नवरात्रि अनुष्ठानमा डा. रमेश न्यौपाने, केशव पुडासैनी, कलाकारहरु चन्दकला घिमिरे, चिरन्जिवी पुडासैनीलगायतले आ-आफ्नो कला प्रस्तुत गरेको सो कार्यक्रममा पानी ट्यांकी युवा समाजका अध्यक्ष उमेश सापकोटालगायतको उपस्थिति रहेको थियो।

संस्थाका पदाधिकारीहरुले आम सञ्चारमाध्यमबाट धर्मको मर्मलाई विज्ञानपरक ढंगले सरल भाषामा लामोसमयदेखि उजागर गर्दै आएका धार्मिक गुरु पौडेललाई समूहको तर्फबाट सम्मान गर्न पाउँदा खुसी लागेको बताए।

मध्यान्ह
www.madhyanhadaily.com
२० असोज २०८१, आइतबार
6 October 2024, Sunday

## सम्पादकीय

# पीडितमाथि राजनीति

बाढी पहिरोबाट क्षतिग्रस्त पालिकाहरूलाई सरकारले बिपद् संकट घोषणा गर्ने निर्णय गरेको छ । राष्ट्रिय बिपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन प्राधिकरणको सिफारिस बमोजिम सरकारले संकटग्रस्त पालिकाहरू घोषणा गरेको हो । निर्णय बमोजिम १२ जिल्लाका ४१ पालिका संकटग्रस्त क्षेत्रमा परेका छन् । काभ्रे र रामेछापका ८/८ वटा पालिकालाई संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ । बाँकी पालिकाहरू ललितपुर, पाँचथर, ओखलढुंगा, उदयपुर, धादिङ, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर र चितवनका छन् । यो घोषणाप्रति कतिपय नेताहरूको असन्तुष्टि देखिएको छ । यसको अर्थ राजनीतिक सहमतिका आधारमा संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो । यो निर्णय लिन लागेको समय, पृष्ठभूमि र क्षतिको अवस्था हेर्दा पनि बिपद्मा समेत राजनीतिकरण भएको सहज अनुमान लगाउन सकिन्छ । नत्र संकटग्रस्त क्षेत्र घोषणा गर्न यतिका समय कुनुपर्ने थिएन । समय लिइसकेपछि कम्तिमा वर्गीकरण गरिनुपर्थ्यो । किनकि सबै ठाउँको संकटको अवस्था एउटै छैन । कुनै जिल्लामा थोरै र कुनैमा ठूलो संकट छ ।

तर उद्धार कार्यमा जसरी सरकार अल्मलिएको थियो । बाँकी प्रक्रियामा पनि अलमल देखिएको छ । बाढी पहिरोले विनासकारी रूप लिइरहँदा प्रधानमन्त्री केपी शर्मा ओली अमेरिका थिए । उनी फर्कन समय लाग्यो । यो समय अवधिभर सरकार लगभग शून्य जस्तो देखियो । त्यही संगति बिग्रिएको सरकारले उद्धार कार्यलाई प्रभावकारी बनाउन सकेको देखिएन । किनकि कतिपय क्षेत्रमा अहिलेसम्म क्षतिको विवरण संकलन हुन सकेको देखिएन । त्यसै अनुमानका आधारमा क्षति विवरण सरकारले घोषणा गरिदियो । उद्धारमा नदेखिएको सरकारले राहत वितरणमा प्रभावकारी काम गर्छ भन्ने विश्वास भएन । सार्वजनिक सूचना अनुसार राहत वितरणमा सरकार कतिपय ठाउँ पुग्नै सकेको छैन । जबकी दशैं नजिकियो । तर दशैंको मुखमा आफन्त गुमाएका परिवारमा राज्यको अनुभूति हुनेगरी सरकारले काम गरेको देखिएन ।

उद्धार, राहत र पुनर्स्थापनाको कार्य प्रभावकारी नहुनुमा राजनीतिकरण नै कारण हो । किनकि दलहरूलाई यी कार्य गरेबापत जस चाहिएको छ । दुई प्याकेट चाउचाउ, एक बोरा चामल र एउटा कम्मल दिएको तस्वीर समेत सामाजिक सञ्जालमा देखिनुबाटै जस लिने होड चलेको लुक्दैन । जबकी जसलाई राहत दिइदैछ, ती मध्ये कतिपय मानिस त बाढी पहिरो जानु अगाडि आफै सम्पन्न थिए । अर्थात् राहत सामग्री वितरणको तस्वीर सार्वजनिक गर्नु पनि राजनीति हो । पीडितमाथि राजनीतिक गर्ने उद्देश्यले नै संकटग्रस्त घोषणामा सही निर्णय नभएको अनुमान गर्न सकिन्छ । यसपछि लगत संकलन, राहत वितरणदेखि पुनर्स्थापनामा नेताहरूले जस लिनेगरी निर्णय गर्ने विगतको नजीरले समेत देखाउँछ । यस्तो प्रवृत्ति अछम्य अपराध हो । तर दल र तिनका नेताहरूले बुझेको पाइदैन ।

# विपद्ले सिकाएको पाठ

अग्रलेख



● प्रा. डा. विश्वम्भर प्याकुर्याल

केही वर्षदेखि नेपालमा बाढीको प्रकोपले बहुक्षेत्रीय अकल्पनीय क्षति पुर्याउन थालेको छ। धेरै जिल्लाका सयौं गाउँ बाढीमा पुरिएका छन् । पानीको आपूर्तिमा व्यवधान आएको छ र जति आपूर्ति भएका छन्, ती प्रदूषित छन् । अब विशेष गरेर डेङ्गु र हैजाका बिरामी संख्यात्मक हिसाबले बढ्ने निश्चित प्रायः छ । जथाभावी खोला, नदी पुरेर सहरीकरण तीव्र पारिएकाले प्राकृतिक पानी जम्मा हुने क्षेत्र नाश भएको छ । यसले गर्दा वर्षाको पानीले सहरी क्षेत्र डुबानमा परेको छ । यातायात संरचना ध्वस्त भएर मुलुकभरि अधिकांश ठाउँमा आवतजावत ठप्प भएको छ। यसले उद्धार कार्यलाई पनि विलम्ब गराएको छ। अहिले भएको क्षतिले गर्दा उद्धार कार्यमा ढिलाइ तथा स्रोतको परिचालन राष्ट्रिय संकटको रूपमा देखापरेकाले संकटकालको घोषणा गर्नुपर्ने अवस्था छ। भूइँचालोमा घरबारविहीन भएका सेवाग्राही अहिलेसम्म विस्थापित छन् । अब यो नयाँ संकटमा परेका दुःखीहरूलाई सरकारले कहिले पार लगाउने हो भन्ने आशा जनता रहेका छन् । यसपटक संकटकालीन सेवाको अति नै आवश्यकता भएको बेला स्थानीय सरकारले आफ्नो भूमिकालाई प्रभावकारी बनाउन नसकेको टिप्पणी भएको छ ।

अहिले आएको बाढीले तीव्ररूपमा विद्युत् आपूर्तिमा क्षति पुर्याएको छ। झन्डै १६ वटा जलविद्युत् परियोजना नराम्ररी क्षत् विक्षत भएका छन् । यस्तो क्षतिले विद्युत् उत्पादन घटाएर सरकारको आम्दानीमा मात्र असर पार्ने हैन, उत्पादनकर्ताको ऋण तिर्न सक्ने क्षमतामा ह्रास ल्याउनुका साथै ऋण लिन गरिने सामर्थ्यसमेत कमजोर तुल्याउँछ। भौतिक पूर्वाधारमा भएको अकल्पनीय क्षतिले स्थानीय अर्थतन्त्रलाई कमजोर बनाएर पुनर्निर्माणको लागत बढाउँछ। जलविद्युत् क्षेत्रमा गरिएको तत्कालिक क्षति आंकलनअनुसार रु. दुई दशमलव ४५ अर्ब पुगेको छ। यसमा ऊर्जा र सिँचाइमा थप रु. चार दशमलव ३५ अर्बको लागत अनुमान छ। वास्तविक क्षतिको अनुमान सकिँदासम्म बढ्दो मागको कारण यो वर्ष हिउँदमा आयात गर्नुपर्ने सम्भावना बलियो छ । बङ्गलादेशसँग गरेको सम्झौता कार्यान्वयनमा नआउँदै भोग्नु परेको समस्याले हामीलाई अप्ठेरोमा पारेको छ ।

हालको क्षतिले धान बाली, पर्यटन र जलविद्युत् परियोजनामा ठूलो क्षति पुर्याएकाले विश्व बैंक र एशियाली विकास बैंकको पाँच प्रतिशतको हाराहारीको आर्थिक वृद्धिको आँकलन सत्य साबित हुन, निकै कठिन देखिएको छ। आगामी वर्षको आर्थिक बजेट निर्माण गर्दा तथा आन्तरिक राजश्वबाट गरिने खर्चको बाँडफाँटसमेतमा निकै सावधानी अपनाउनुपर्ने हुन्छ। लामो समयसम्मको व्यापार घाटाले हामीलाई निकै कमजोर तुल्याएको छ । दीर्घकालीन घाटाले कुल गार्हस्थ उत्पादनको वृद्धिमा व्यवधान पुर्याउँछ किनभने यसले आन्तरिक उत्पादन घटाउँछ र स्थानीय उद्योगमा बेरोजगारी बढाउँछ। यस्तो अवस्थामा आपूर्तिको तुलनामा आन्तरिक माग बढ्ने हुनाले आयात बढेर मुद्रास्फीतिमा वृद्धि हुन्छ । आयातित वस्तुले उपभोग बढाए पनि यसको दीर्घकालीन असर भनेको आर्थिक अस्थिरता र न्यून वृद्धि हो । यसले गर्दा जनजीवन अस्तव्यस्त बनाएको छ ।

उपचारको लागि हामीले निर्यातको प्रतिस्पर्धात्मकता बढाएर नीतिगत सुधारद्वारा आयातको निर्भरता घट्‌ाउनुपर्छ । हामी औंलामा गन्न सकिने वस्तुहरूको निर्यातमा सीमित छौं। त्यसैले स्थानीय स्तरबाटै उत्पादन हुनसक्ने र आफ्नो प्रतिस्पर्धात्मक क्षमता भएका वस्तुहरूलाई प्रोत्साहित गर्ने नीति लिनु आवश्यक छ। यसो गर्न सीमित वस्तु तथा व्यापार साझेदारहरूसँगको निर्भरता घटाउँदै निर्यात गरिने वस्तु तथा बजारको विविधीकरणमा जोड दिनु आवश्यक छ। यस्ता वस्तुहरूमा सूचना प्रविधि तथा वित्तीय सेवा, हस्तकला, र बागवानीजस्ता कृषि उत्पादनहरू पर्न सक्दछन् । नेपालजस्तो भूपरिवेष्टित मुलुकमा लागत र निर्यात गर्न लाग्ने समय न्यूनीकरण गर्न आवश्यक सामग्री र यातायात पूर्वाधार विकासमा लगानी बढाउन आबश्यक छ। ठूलो बजार भएका नेपालका दुई ठूला छिमेकी राष्ट्रहरूमा निर्यातको पहुँच बढाउन द्वीपक्षीय व्यापार सम्झौताको नियमित अनुगमन र सुदृढीकरण गर्ने तथा आन्तरिक उत्पादन र आयात विस्थापनको नीति प्रवर्द्धन गर्नु पनि त्यतिकै जरूरी छ।

सन् २०२२ मा नेपालमा करिब २५ हजार सात सय ७० मेट्रिक टन खाद्यान्न



*हालको क्षतिले धान बाली, पर्यटन र जलविद्युत् परियोजनामा ठूलो क्षति पुर्याएकाले विश्व बैंक र एशियाली विकास बैंकको पाँच प्रतिशतको हाराहारीको आर्थिक वृद्धिको आँकलन सत्य साबित हुन, निकै कठिन देखिएको छ । आगामी वर्षको आर्थिक बजेट निर्माण गर्दा तथा आन्तरिक राजश्वबाट गरिने खर्चको बाँडफाँटसमेतमा निकै सावधानी अपनाउनुपर्ने हुन्छ ।*

विशेषगरेर चामल र गहुँको अभाव कम गर्न अन्य मुलुकका साथै भारतबाट ४२ लाख ६० हजार मेट्रिक टन खाद्यान्न अधिकतम् आयात गरियो । हाल आर्थिक संकट र वातावरणीय प्रभावको कारण ४२ लाख ६० हजार नेपाली खाद्य असुरक्षित अवस्थामा छन्। सरकारको लक्ष सन् २०२४ सम्ममा ३० प्रतिशतले खाद्यान्नको आयात घटाउने रहेको छ । तरपनि खाद्यान्नमा आत्मनिर्भरता त्यति सजिलो देखिँदैन । यसको समाधानको उपयुक्त उपाय भनेको खेती गर्ने अभ्यासहरूमा आधुनिकीकरण, सिँचाइ प्रणालीमा सुधार र किसानहरूलाई आवश्यकता परेको बेला चाहिँदो सहयोग उपलब्ध गराउनु हो ।

गरिब मुलुकमा विप्रेषणबाट भएको आम्दानी बैंक तथा निजी क्षेत्रका ऋणदातालाई ऋण चुक्ता गर्न तथा भविष्यको लागि एक टुक्रा जमीन खरीद गर्न खर्चिएको देखिन्छ । यस्तो अवस्थामा कसरी उत्पादनशील क्षेत्रमा खर्च गर्न सक्छन् भन्ने प्रश्न उठेको देखिन्छ। आजकल धेरै मुलुकमा जग्गामा भन्दा साना उद्योग र कृषि उद्यमहरूलगायतका क्षेत्रमा लगानीका सम्भावना रहेका कुरा जानकारीमा ल्याउन वित्तीय साक्षरतामा जोड दिने गरेका छन्। लघुवित्त संस्थाबाट सहुलियतपूर्ण ऋण प्रदान गर्न प्रोत्साहन समेत गर्नुपर्छ । त्यस्तै, स्थानीय व्यवसायहरूलाई विशेष सुविधा प्रदान गर्ने वित्तीय संस्थामा बैंक खाता खोल्न सुझाव दिन सकिन्छ । यस्ता वित्तीय संस्थाको अभावमा नेपाल राष्ट्र बैंकको पहलमा विशेष सुविधा दिएर भए पनि यिनीहरूको स्थापनार्थ पहल गरिदिनु पर्छ। यसका साथै रोजगारी सिर्जना गर्ने तथा आर्थिक स्थायित्वको लागि सहयोग पुर्याउन सक्ने क्षेत्रमा लगानी गर्दा विशेष सुविधा दिइने नीति निर्माण गर्न सम्बन्धित निकायलाई दबाब दिनुपर्छ। निर्माण, पर्यटन र जलविद्युत् क्षेत्रमा बढीभन्दा बढी विदेशी लगानी आकर्षित गर्न नियामक प्रक्रियामा सुधार ल्याएर लगानीको वातावरण तयार गर्ने, अन्तरपार्टी समझदारी अनुरूप आर्थिक समृद्धिको साझा धारणा बनाई असफलतासँग नआत्तिएर राजनीतिक अस्थिरता हटाउने प्रयास निरन्तर जारी गर्नु आवश्यक छ।

उद्योगपतिहरूले उच्च प्राथमिकतामा परेका उत्पादनशील क्षेत्रमा लगानी गर्न चाहेमा थप आकर्षणको लागि समयानुकूल औद्योगिक नीति पुनः तर्जुमा गर्नुपर्ने देखिन्छ। यस्तो नीतिमा कर छुट, कच्चा पदार्थ आयात गर्दा अनुदान र अनुसन्धान र विकाससम्बन्धी कार्यक्रमको लागि रकम, प्रविधि विकास र अनुसन्धानकर्ता जुटाउन आवश्यक सहयोग गर्ने प्रावधान राख्न सकिन्छ । शुरुमा सरकारको लागत वृद्धि भएता पनि दिगो विकासमा दूरगामी प्रभाव पर्न सक्छ । यस्तो सहयोग सधैंको लागि कायम राख्नु पर्ने भन्ने होइन । लगानीलाई निरन्तरता तथा उत्पादन अभिवृद्धि गर्न र उद्यमीको आकर्षण बढाउन सरकारसँग सम्बन्धित निकायहरू उदासिन हुनु हुँदैन। लगानी गर्नको लागि लगानीकर्ताले भौतिक संरचना तथा आवश्यक सेवाहरू उपलब्ध गराइने अपेक्षा गरेका हुन्छन् । यसको लागि सरकार-निजी क्षेत्रको सहकार्य अनिवार्य छ । हामी कहाँ लगानी बोर्डले साना लगानीकर्तालाई आवश्यकताअनुरूप समयमै निर्देशन तथा सल्लाह प्रदान गर्न सकेको महशूस गरिएको छैन । अहिलेको अवस्थामा औद्योगिक प्रतिष्ठानहरू न्यून क्षमतामा सञ्चालनमा आइरहेको देखिन्छ । आधुनिकीकरण, प्रविधिको स्तरोन्नति र कामदारहरूको प्रशिक्षण नियमित गर्न सके वैदेशिक लगानीमा आकर्षण थपिन सक्छ ।

गरिबी र वृद्धि हुँदै गएको आर्थिक असमानताले सामाजिक कल्याण कार्यक्रमको महत्व बढाएको छ। गरिबलाई केन्द्रबिन्दुमा राखेर लक्षित, समाज कल्याणकारी कार्यक्रम सञ्चालन गर्न जरूरी छ। अनुदानको लागि प्रावधान गरिएका अति आवश्यक वस्तुहरू, स्वास्थ सेवा र खाँचो परेका समुदायको पहुँचमा रहेको किफायती शिक्षाको उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्नुपर्दछ। बजेटमा राखिएका अनुदान उपलब्ध हुन नसके सेवाग्राहीले कानुनी उपचार पाउन सक्नुपर्छ । आर्थिक असमानताको प्रभाव न्यूनीकरण गरेर कार्यक्षेत्रमा प्रतिस्पर्धात्मक हुन कार्यबलको क्षमता अभिवृद्धिका लागि शिक्षा तथा प्राविधिक प्रशिक्षणमा थप लगानी आवश्यक छ। आर्थिक असमानता घटाएर आम्दानी र सम्पत्तिको पुनःवितरण गर्न प्रगतिशील कर कार्यान्वयनमा ल्याउन सकिन्छ। यो नीतिअन्तर्गत धनीलाई बढी कर र गरिबलाई कूल कर लागत घटाउन कर घटाउने अथवा कुनै निश्चित किसिमको आमदानीमा कर छुट दिनु पर्दछ । कतिपय अवस्थामा आर्थिक अवस्था कमजोर भएका करदाताले थोरै करको कारण ऊर्जा कुशल प्रविधिको प्रयोग नेपालमा उच्च प्राथमिकतामा परेका कृषि पैदावारमा न्यूनतम् मूल्य निर्धारण गर्ने तथा बजारको पहुँचमा सरकारले खासै सहजता पुर्याउन सकेको छैन ।

अन्त्यमा, सरकारले अबिलम्ब सेवाहरू प्रदान गर्नु आवश्यक छ । उदाहरणको लागि, विस्थापित जनसमुदायको सुरक्षाको लागि पाल तथा अस्थायी आवास, आकस्मिक खाद्यान्न र शुद्ध पिउने पानी, आवश्यकीय औषधिको बाकस र स्वास्थ सेवा, उद्धार कार्यको निरन्तरता, असर परेका स्थानहरूमा पहुँच पुर्याउन बन्द बाटो खुलाउने, सञ्चार सुबिधा पुनःस्थापना गर्ने, बसेकै ठाउँमा नगद सहयोग पुर्याउन ढिला नगर्ने, स्थानीय समुदायलाई सुरक्षित पानी पिउने र स्वच्छताबारे प्रशिक्षित गर्नुपर्ने हुन्छ ।

*(लेखक, वरिष्ठ अर्थविद् तथा पूर्वराजदूत हुन् ।)*

## सामाजिक सञ्जाल



**- राजेन्द्र दाहाल**

चामलसँग पीठो साट्ने हाम्रो कूटनीति ! दीर्घकालीन रणनीतिक एवम् वातावरणीय लाभका दृष्टिले- यताबाट अलिकति बिजुली निर्यात गर्न दिएजस्तो गरेर उताबाट आफ्नै लगानीमा पाइपमार्फत पेट्रोलको खोलै बगाइदिने छिमेकीको 'उदारता'को 'राज' के हुनसक्छ ?



**- विनोद न्यौपाने**

मुलुक स्वर्ग हुँदा भैरेलाई आपत्ति छैन, जुनसुकै तन्त्रमा; राजतन्त्र त ल्याउलान् जस्तो छ, सबै तारतम्य मिलाएर भारत/अमेरिकाले वा दुवैले मिलाएर ल्याइदिए। यसले पो गाह्रो पार्यो त। यो राजतन्त्रका कुरा उठाउने पार्टीको भित्री आशय नै हो । अर्काले ल्याई दिए उ खाने ।



**- गोकुल प्रसाद बास्कोटा**

बाढी पहिरोको पूर्वसतर्कतामा सरकारको तयारी कमजोर देखिए पनि राहत पुनर्स्थापना र पुनर्निर्माणमा सरकार सक्रिय र जवाफदेही ढङ्गले काममा लागेको देखिन्छ । स्थानीय निकाय पनि सक्रिय छन्। नागरिक पनि राहत र उद्धारमा संवेदनशील छन् । स्वयम् पनि सकेको सहयोग जुटाउने काममा छु। राजनीतिक स्टन्टभन्दा टाढै रहनुपर्छ।



**- शरदराज पाठक**

नयाँ संविधान बनेपछि, गणतन्त्र र संघीयता आएपछि, तीन तहको सरकार बनेपछि जनताले सुख पाउँछन् भनेर भाषण ठोके। पत्याउनेले पत्याए। आज उनीहरूले भनेको सबै कुरा छ। उनै दल र नेताको हालीमुहाली छ, तर जनता निरीह छन् । अब सोध्न थालेछन्, "राजा ज्ञानेन्द्र झ्याप्ले खोला नगएर किन भुटान गा ?"

# चुकेको माओवादी नेतृत्व

विचार



● लेखराज रेग्मी

अँध्यारा कोठामा उज्याला मान्छेहरूसँग प्रचण्डले गुड्डी हाँकेर दक्षिणपन्थीहरूसँग सम्बन्ध विच्छेद गरेर युद्धमा लागेको गफ दिएकै हुन । तर आज ढोका बन्द गरेर मात्रै बोल्नुपर्छ, किन ? पंक्तिकार 'र'ले जनयुद्ध गराएको स्वीकार गर्दैन । तर, दरबार हत्याकाण्ड कसरी भयो प्रश्न उठाउनु पर्छ भन्ने लाग्छ । यसको कारण राजा वीरेन्द्रले काँग्रेस-एमालेभित्र विदेशी घुसपैठ र नेपाली सम्प्रभुताको खतरा नाप जोख गरेर चीनसँग निकटता बढाउन थालेका थिए। बहुदल नेपालको लागि खराब अभ्यास बन्दै थियो। यसले गाथ गद्दी र श्रीपेचमा खतरा पैदा गरिरहेको बुझेका थिए । यसकारण दरबार हत्याकाण्ड भयो । आज फेरि विदेशी चलखेल त्यही गतिमा बढिरहेको छ र माओवादी निरीहतापूर्वक एउटा धडा कोठाभित्र धारे हात लाएर दिन कटाउँदैछ र अर्को धडा लाचार जस्तो बनिरहेको छ। अब चुनवाङदेखि बालाजुसम्मका गफले न पार्टीहरू विकसित हुनेछन् न त रिम वा एल्त्सिन पथमा लागेर केही हुनेछ।

शान्ति प्रक्रियामा आउन रोकेर, ज्ञानेन्द्र शाह र नेपाली काँग्रेस गठबन्धनको सत्ता स्थापित गरेर भारतको समर्थनमा अहिलेको गाजा जस्तै ध्वस्त नेपाल बनाउने गुरुयोजना सम्भव नभएपछि शान्ति प्रक्रियाको ढोका खुलेको सत्य बुझ्न आवश्यक छ । निर्मल लामा यही असहज परिणामको दिशामा जानबाट एकता केन्द्रलाई रोक्न र जिम्मेवार पार्टी बनाउन चाहन्थे । हामीले तथ्यमा यसको खोजी गर्न र पुनर्पुष्टी गर्न आवश्यक छ। प्रचण्डको भनाइमा शान्ति प्रक्रिया रणनैतिक सिफ्ट थियो। यसको राजनैतिक अर्थ के हुन्छ ? किन रणनैतिक सिफ्ट आवश्यक भयो ? यसको डिप स्टडीले निर्मल लामा माथि लगाइएका मूल आरोपहरूलाई बुझ्न सहयोग गर्छ र उनलाई पुनर्स्थापित गर्छ ।

जहाँ प्वाल हुन्छ, त्यहाँ पानी पस्छ। लुगाको प्वाल देखिँदैन तर, लुगा भिज्छ गिलो हुन्छ । राजनीतिमा यो बुझ्न जटिल छ। अस्लाको तस्करी अप्रेशनल टेक्निकको सिकाई र महँगो हतियार आपूर्तिको फन्डसँगै यसरी नदेखिने गरी हामीभित्र कति पानी पस्यो र गिलो बनायो, यो त तथ्यपूर्ण खोजबिन नगरी गफ लगाउनु बेवकुफ बन्नु मात्रै हुन्छ तर, 'र'को प्रकाशित रिपोर्टहरूले यतै संकेत गर्छन् । यसलाई खोज अनुसन्धान र कोर्स करेक्सन नगरी केही आशा गरिहाल्नु पनि बेवकुफ बन्ने बनाउने खेलमात्रै हुन्छ। अर्थात् जनयुद्ध विदेशीले सङ्गठित गरेको कुरा जति झुट हो, त्यत्ति नै झुट घुसपैठ गर्ने र प्रभावित गर्ने प्रयत्नहरूलाई इन्कार गर्नु पनि हो । पछिल्ला प्रचण्डका औपचारिक अभिव्यक्तिहरूले अस्पष्ट रूपमै भए पनि यसलाई स्वीकारेको देखिन्छ ।

अर्को तथ्य, पनि हेर्न र बुझ्न लायक छ । तत्कालीन नेपाली काँग्रेस सरकारले जनयुद्धलाई अत्यन्त हल्कारूपमा लियो । उसले आज पनि आफ्नो प्रतिस्पर्धी एमालेलाई नै देख्छ । संसदीय अङ्कगणितको बाध्यताले गठबन्धन सरकार बने पनि उसको यो धारणा फेरिएको छैन। उसले ठान्यो एमालेलाई क्षति पुर्याउँदा कांग्रेसलाई फाइदा हुन्छ, यो भ्रम आज पनि छ तर, कांग्रेसभित्रको चरम दक्षिणपन्थी कित्ता कुनै पनि वामपन्थी शक्तिसँग कुनै पनि किसिमको सहकार्यको विपक्षमा छ ।

वास्तवमा माओवादीले आन्दोलनमा जनताको सहभागिता नापे तौलेको हुन्छ भन्ने बुझ्यो, जति पटक माओको भनाई क्रान्ति भोजभतेर होइन दोहोर्याएर पढे पढाए पनि यो पण्डितले गायत्री जपेजस्तै रट्यो । वास्तवमा जब जनता जनयुद्धमा सामेल भयो यसलाई व्यवस्थित गर्नुको साटो माओवादी नेतृत्व सत्तासँग वार्ता र मोलतोलमा लाग्यो । सत्ताले यसलाई फौजी ढङ्गले कमजोर बुझ्यो र सत्ता कुटनैतिकरूपमा चुक्यो, यो भारत अमेरिका र कांग्रेसको कूटनैतिक असफलता थियो । आज नेपाली जनता यो असफलताको बोझ बोकिरहेका छन् । यसकोलागि माओवादी होइन प्रतिक्रियावाद जिम्मेवार छ ।

वार्ता असफलताको प्रतिक्रिया माओवादी पार्टी र जनयुद्धभित्र पनि देखिन थाले, यसलाई सम्हाल्न व्यवस्थित गर्न र जनताको संलग्नतालाई क्रान्तिकारी जनाधारमा रूपान्तरण गर्न खास प्रयत्न भन्दा अनावश्यक सवालमा खिचातानी माओवादीको कमजोरी देखियो । यो युद्धवादको दिशामा बढ्ने खतरा महसुस भएसँगै सकारात्मक तत्त्वहरू वार्ताको लागि माहौल बनाउन सुरु गरे। अमेरिकी सहयोगमा भइरहेका फौजी सुधारसँगै माओवादी सैन्य संरचना कमजोर देखिन थाल्यो, आक्रमण र प्रत्याक्रमणका घटनाहरूले यसको पुष्टि गरिरहे। तर, सेनाको राजनीतिकरण, उत्पादनमा संलग्नताको कमजोर प्रयत्न र जनताको सैनिकरणमा कमजोरी यस्ता स्थिति रहे यसले राजनीति आर्थिक (उत्पादनको) व्यवस्थापन र सेनामा सन्तुलनमा गडबडी देखिन थाले । यो स्थिति भगदड, भड्काव र गल्तीहरू बढ्दै जाने स्थिति हो ।

यस्तो समयमा अन्यत्र साम्राज्यवाद र घरेलु प्रतिक्रियावादको गठ जोडमा भीषण रक्तपात, दमन र ध्वंस हुने गरेका छन् । सेना अपेक्षाकृत अनुकूल रहेको राजतन्त्र (दरबार) र प्रजातान्त्रिक कांग्रेसको बिचको अविश्वासको जगमा रहेको अन्तर्विरोध यसको लागि अनुकूल थिएन। यो परिस्थिति वार्ता र शान्ति प्रकृयाको लागि अनुकूल थियो। यसको पहल सोही पक्षबाट भयो। यसकारण उनीहरूले एम्बुस थापेर वार्ता गरे र एम्बुस छल्न सम्भव थिएन ।

देखिने गरी आएको एम्बुस टिआरसी थियो, कथित मानव अधिकार न्यायिक व्यवस्थापन विन विन मेलमिलाप र क्षमा दान जस्ता खतरा नदेखिने औजार हरूको खतरनाक घेराबन्दी नेपालको शान्ति, समृद्धि र माओवादी राजनीतिको लागि डरलाग्दा एम्बुसहरू हुन् । तर, यसबारेमा गम्भीरताको अभाव एउटा गम्भीर समस्या बनेको छ । कतिलाई हेक्का छ कुन्नि ?

## तपाईंको राशिफल

मेष : धेरै लाभको कामना गर्नु हुँदैन । सकारात्मक सोच राख्नुपर्छ ।

वृष : घरेलू जिम्मेवारीमा वृद्धि हुनेछ । यात्रा सफल हुने योग छ ।

मिथुन : दैनिक जीवन सुखी रहनेछ । विरोधी सक्रिय रहनेछन् ।

कर्कट : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । यश बढ्ने योग छ ।

सिंह : व्यापारिक पक्ष सुदृढ हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।

कन्या : अचल सम्पत्तिमा वृद्धिको योग छ । राजकीय कार्यहरूमा वृद्धि हुनेछ ।

तुला : शैक्षिक कार्यमा प्रगति र श्रीमतीको राम्रो सहयोग प्राप्त हुनेछ ।

वृश्चिक : अनावश्यक खर्च हुनसक्छ । आहारमा ध्यान दिनुहोला ।

धनु : काम गर्दा ध्यान दिनुहोला । पारिवारिक खुसी प्राप्त हुनेछ ।

मकर : आय वृद्धि हुने योग छ । राजनैतिक कार्यमा रोकावट आउनेछ ।

कुम्भ : पारिवारिक जीवन सुखमय रहनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

मीन : व्यर्थको यात्रा र परेशानी हुनसक्छ । साहसिक कार्य सफल हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# लेबनानबाट २१५ चिनियाँ नागरिकको उद्धार

**काठमाडौं/एजेन्सी–** इजरायलले गत महिनादेखि लेबनानमा तीव्र गोलाबारी गरेपछि चीनले आफ्ना २१५ जना नागरिकलाई उद्धार गरेको छ। लेबनानमा इजरायलले गरेको पछिल्लो आक्रमणमा शनिबारसम्ममा एक हजार १०० भन्दा बढीको मृत्यु भएको छ।

यसै साता इजरायलले इरान समर्थित हिजबुल्लाहको पकड रहेको दक्षिणी लेबनानको केही भागमा आफ्नो सेनाले 'स्थलगत आक्रमण' गरेको बताएको थियो। इजरायलले हालै लेबनानसँगको आफ्नो उत्तरी सीमाको सुरक्षामा आफ्नो ध्यान केन्द्रित गरेको छ। यहाँ हिजबुल्लाहले आफ्नो प्यालेस्टिनी सहयोगी हमासको समर्थनमा आक्रमण शुरु गरेयता दैनिकजसो भिडन्त हुने गरेको छ।



रूस, फ्रान्स, स्पेन, जर्मनी र बेलायतलगायतका विभिन्न देशले पनि लेबनानबाट आफ्ना नागरिकलाई हटाउने अभियान सुरु गरेका छन्। बेइजिङको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'चीन सरकारको संगठन र व्यवस्थाअन्तर्गत लेबनानबाट हालसम्म दुई समूहमा २१५ जना चिनियाँ नागरिकलाई सकुशल उद्धार गरिएको छ।'

'लेबनानस्थित चिनियाँ दूतावासले लेबनानमा आफ्नो उद्धार अभियान जारी राखेको छ र त्यहाँ रहेका चिनियाँ नागरिकलाई सुरक्षा उपाय अपनाउन निर्देशन दिएको छ,' विज्ञप्तिमा भनिएको छ। उद्धार गरिएका चिनियाँ नागरिकलाई कहाँ लगिएको हो भन्ने बारे मन्त्रालयले केही बताएको छैन। लेबनानी अधिकारीहरूका अनुसार सेप्टेम्बर २३ मा इजरायली बमबारीमा वृद्धि भएयता लेबनानमा एक हजार ११० भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ भने १० लाखभन्दा बढी मानिस आफ्नो घर छोड्न बाध्य भएका छन्।

इरानले इजरायलमाथि क्षेप्यास्त्र प्रहार गरेपछि चीनले बुधबार विश्वशक्ति राष्ट्रहरूसँग द्वन्द्वलाई थप अगाडि बढ्न नदिन पहल गर्न आग्रह गरेको थियो।

# भारतको मेघालयमा बाढी र पहिरोमा परी दश जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** भारतको उत्तरपूर्वी राज्य मेघालयमा बाढी र पहिरोका कारण कम्तीमा दश जनाको मृत्यु भएको अधिकारीले शनिबार जानकारी दिएका छन्। शुक्रबारदेखि परेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोले राज्यको 'गारो हिल्स' क्षेत्रमा ठूलो क्षति पुगेको छ।



मेघालयका मुख्यमन्त्री कोनराड सङ्माले बाढीको अवस्थाको समीक्षा गर्दै जिल्ला प्रशासनलाई स्थानीय सरकारसँग सहयोग लिन र प्रभावित क्षेत्रमा राहत कार्य सुनिश्चित गर्न निर्देशन दिएका छन्।

पश्चिम गारो हिल्स जिल्ला दलु-३ र दक्षिण गारो हिल्स जिल्ला ग्यासुआपारा-७ मा बाढी र पहिरोमा परी १० जनाको मृत्यु भएको मुख्यमन्त्रीको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

अधिकारीहरूका अनुसार स्टेट डिजास्टर रेस्पोन्स फोर्स (एसडीआरएफ) का कर्मचारीहरूले प्रभावित क्षेत्रमा उद्धार कार्य गरिरहेका छन्। पाँच जिल्लाका प्रभावित क्षेत्रमा व्यापक क्षति भएको जनाइएको छ।

पानी बढेपछि काठका पुल भत्किएका छन्। बगेका पुल तत्काल पुनर्निर्माण गर्न मुख्यमन्त्रीले निर्देशन दिएका छन्। मेघालयको पश्चिमी गारो हिल्सबाट बगेको वर्षाको पानीले छिमेकी आसम राज्यको मानकाचरमा बाढी आएको र धेरै गाउँहरू डुबानमा परेको रिपोर्टहरूमा उल्लेख गरिएको छ।

# इरानको तेल साइटमा आक्रमण नगर्न इजरायललाई बाइडेनको चेतावनी

**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायललाई इरानको तेल साइटहरुमा आक्रमण नगर्न सल्लाह दिँदै मध्यपूर्वमा सम्भावित युद्धबाट बच्न विश्वलाई एकिकृत गर्न खोजिरहेको बताएका छन्।

ह्वाइट हाउसमा पूर्वजानकारी बिना अकस्मात आयोजित ब्रीफिंगमा बाइडेनले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अर्को कदमबारे निर्णय गर्दा इजरायलका लागि अमेरिकी समर्थनलाई स्मरण गर्नुपर्ने बताए।

'यदि म इजरायलको ठाउँमा हुन्थे भने म तेल साइटमा आक्रमण गर्ने बाहेक अन्य विकल्पको बारेमा सोच्ने थिए,' बाइडेनले सञ्चारकर्मीलाई भने, 'इजरायलमा मंगलबार



इरानले गरेको विशाल ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायलीहरु के गर्ने, कसरी गर्ने भन्ने निष्कर्षमा पुगेका छैनन्।'

अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार इजरायलमाथि तेहरानको मिसाइल आक्रमणको प्रतिशोधमा इरानी तेल साइटहरूमा सम्भावित इजरायली आक्रमहरूबारे 'छलफल गरिरहेको' बताउनुभएपछि तेलको मूल्य बढेको हो।

राष्ट्रपतीय निर्वाचन नजिँकिदै गर्दा कुनै पनि दीर्घकालीन वृद्धि अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसका लागि हानिकारक हुन सक्छ।

यसैबीच, उत्तरी क्यारोलिनामा चुनावी प्रचारमा लागेका राष्ट्रपति उम्मेदवार डोनाल्ड ट्रम्पले इरानको आणविक सुविधलाई इजरायलले लक्षित गर्ने सम्भावनाबारे बाइडेनलाई यस हप्ता सोधिएको प्रश्नलाई उद्धृत गर्दै इरानप्रति प्रतिक्रिया कस्तो हुनुपर्छ भन्नेबारे अझ बढी उत्तेजक दृष्टिकोण प्रस्तुत गरेका छन्।


**Dudhauli Municipality**
**Office of the Municipal Executive**
**Dudhauli, Sindhuli**

**Invitation for Sealed Quotation for the procurement of Sadak Batti Tower (Mast) Light Jadan**

**Sealed Quotation No: 06/SQ/GOODS/DMUN/2081-082**
**Date of Publication: 06-10-2024**

1. The Dudhauli Municipality invites sealed quotations from registered Suppliers for the Sadak Batti Tower (Mast) Light Jadan.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Dudhauli, Sindhuli, 9854052111, sahravindra2@gmail.com.
**OR**
[may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Dudhauli Municipality, Dudhauli, Sindhuli and the office Dudhauli Municipality, Dudhauli, Sindhuli by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1,000.0 till 24-10-2024 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
i. Name of the Bank : Nepal Bank Ltd.
ii. Name of Office: Dudhauli Municipality
iii. Office Code no : 801032502
iv. Office Account No.: 25203000001001000001
v. Rajaswa (revenue) Shirshak No : 14229
5. Sealed bids must be submitted to the office Dudhauli Municipality, Dudhauli, Sindhuli by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 24-10-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-10-2024 13:00 at the office of Dudhauli Municipality, Dudhauli, Sindhuli, Bagmati Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [25203000003000000001] at [Nepal Bank Ltd., Dudhauli, Sindhuli] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन, हेटौडा**

**आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८१/६/२०)**

यस कार्यालयबाट मिति २०८१-०५-०२ गते प्रकाशित Notice No.: 03–2081–82, Invitation for Bids सम्बन्धी सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा प्राविधिक प्रास्तावमा सफल (Responsive) भएका तपसिल बमोजिमको बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८१-०६-३० गते दिनको ठिक ११:०० बजे सडक डिभिजन हेटौडामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) र (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | प्राविधिक प्रस्ताब सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदताहरुको नामावली |
|---|---|---|---|
| 1 | RDHTD/33701169/081/82-023 | Road Upgrading Works on Chuniya-Namtar, Makawanpur | 1) M/S Shikhar Engineering Construction Company Pvt.Ltd Daman 4 Makawanpur |
| | | | 2) M/S Bamkali Construction Pvt. Ltd. Manthali-02 |
| | | | 3) M/S Amrita Constructionphaparbari-2, Makawanpur |
| | | | 4) M/S NIHARIKA/ALJ JV, Harnamadi-6, Makwanpur, |
| | | | 5) M/S Arun Construction Taplejung dhungesanghu-4, Taplejung |
| | | | 6) M/S SHUBHA BIHANI-THREE D.I. Joint Venture, Dallu |

**डिभिजन प्रमुख**



**साउदीमा रोजगार** | कम्पनी: **CORNICHE TOWERS CONTRACTING COMPANY** शहर: **Riyadh**
पुर्व स्वीकृत मिति: २०८१/०६/१८ चलानी नं.: ६०२२६२७५ L.T. No.: 311740

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २७ गते** (13 October 2024) **मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Confident International Manpower Pvt. Ltd. Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com



**Letang Municipality**
**Office of Municipal Executive**
**Letang, Morang**
**Koshi Province, Nepal**

**Invitation For Bids (IFB)**

**Date of Publication: 6 October 2024 (2081 Asoj 20)**

1. The Letang Municipality, Morang invites sealed quotations from eligible bidders for the following procurement works as detailed in the table below.
2. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or refer to bid documents.
3. Sealed bids must be submitted to the office by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 21 November 2024 (2081 Kartik 5) at 12:00. Bids received after this deadline will be rejected.

| S. No. | SQ No. | Particulars | Estimated Cost without VAT (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/SQ/W/2081-82/02 | Tiling and partition works in Letang PHC. | 7,05,315.09 | 20,000 | 1,000 | 45 days/ 75 days |

**Chief Administrative Officer**



**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कान्ति बाल अस्पताल**
**महाराजगंज, काठमाडौं**

**बोलपत्र प्रकाशन गरिएको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०६/२०)**
**(बोलपत्र दाखीला गर्नुपर्ने अन्तिम मिति : २०८१/०७/२१)**

१. यस अस्पतालबाट देहायका कार्यका लागि बोलपत्र आह्वान गरिएकोले विद्युतीय माध्यमबाट मात्र बोलपत्र दाखीला गर्नुहुन यो सूचना प्रकाशन गरीएको व्यहोरा अनुरोध छ।

**तपशिल**

| सि.नं. | ठेक्का नम्बर | काम | जमानत रकम रु | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|
| १ | KCH/NCB/081/82/06 | Supply Of SEVO/ISOFLURANE | ८४,०००।- | ३,०००।- |

२. बोलपत्र सम्वन्धी थप कुरा बुझ्नुपरेमा सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp हेर्न सक्नुहुनेछ।

**निर्देशक**

मध्यान्ह
www.madhyanhadaily.com
२० असोज २०८१, आइतबार
6 October 2024, Sunday

# बक्स अफिस समाचार

## भैरव पुरस्कार हास्य व्यंग्यकार लक्ष्मण गाम्नागेलाई

**काठमाडौं/मस-** यस वर्षको भैरव पुरस्कार हास्य व्यंग्यकार लक्ष्मीप्रसाद भट्टराई (लक्ष्मण गाम्नागे) लाई प्रदान गरिएको छ। भैरव पुरस्कार गुठीले शनिबार जोरपाटीमा आयोजना गरेको पुरस्कार अर्पण कार्यक्रममा उनलाई सो पुरस्कार प्रदान गरिएको हो।

पुरस्कारको राशि नगद रु एक लाख ११ हजार १११ रहेको छ। सोही कार्यक्रममा भैरव वाङ्मय पुरस्कार कोशकार एवम् नेपाली भाषा साहित्यको शुद्धीकरण अभियानी चूडामणि गौतमलाई प्रदान गरिएको छ। यस पुरस्कारको राशि पनि नगद रु एक लाख एक हजार १११ रहेको छ।

यसैगरी, रु ५१ हजार १११ राशिको भैरव प्रतिभा पुरस्कार कलाकार लक्ष्मी गिरीलाई प्रदान गरिएको छ। पुरस्कृत व्यक्तित्वका बारेमा क्रमशः प्राडा रामप्रसाद



ज्ञवाली, साहित्यकार ज्ञाननिष्ठ ज्ञवाली र मेनका पोखरेलले प्रकाश पारेका थिए। पुरस्कृत व्यक्तित्वत्रय गाम्नागे, गौतम र गिरीले नेपाली हास्य व्यंग्य साहित्यमा भैरव अर्यालको योगदानबारे चर्चा गरेका थिए।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमन्त्री एवम् संविधान सभा सदस्य रामेश्वर फुयाँलले साहित्यकारले समाजमा भएको वास्तविकतालाई ऐनाका रूपमा देखाउनुपर्ने बताए। काठमाडौंको उत्तरपूर्वी भेग साहित्यको उर्वर भूमि भएकाले यहाँ धेरै साहित्यिक क्रियाकलाप हुने गरेको उनले सुनाए।

वरिष्ठ पत्रकार विजय चालिसेले हास्य व्यंग्य साहित्यमा भैरव अर्यालको योगदान महत्वपूर्ण रहेको बताए। आफूलाई साहित्य क्षेत्रमा अघि बढाउन पनि अर्यालको योगदान रहेको चालिसेले चर्चा गरे।

कार्यक्रममा गुठीका अध्यक्ष रोचक घिमिरे, सचिव वसन्त रिजाललगायतले संस्थाले प्रत्येक वर्ष हास्य व्यंग्य साहित्य र कला क्षेत्रमा योगदान गर्नेलाई भैरव अर्यालका नामको पुरस्कार वितरण गर्ने गरिएको जानकारी गराएका थिए।

## राज टाइगरलाई विशेष नागरिक सम्मान

काठमाडौं/मस- मोडल तथा कलाकार राज टाइगरले 'विशेष नागरिक सम्मान' पाएका छन्। काठमाडौंको प्रज्ञा भवनमा आयोजित 'सामाजिक रुपान्तरणका लागि नागरिक समाज'को '१८औं वार्षिकोत्सव'को अवसरमा 'विशेष नागरिक अवार्ड तथा स्रष्टा सम्मान' का क्रममा उनलाई कार्यक्रमका प्रमुख अतिथि एवं संघीय संसद्का उपसभामुख इन्दिरा रानामगर र आयोजक संस्था नागरिक समाजका अध्यक्ष यामबहादुर जिसीले उक्त सम्मान प्रदान गरेका हुन्। 'सामाजिक रुपान्तरणका लागि नागरिक समाजको १८औं वार्षिकोत्सवको अवसरमा राष्ट्रव्यापीरुपमा आयोजना गरिएको प्रतिष्पार्धामक प्रतियोगितामा तपाईंलाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्णायक समितिको निर्णयअनुसार विशेष नागरिक सम्मान-२०८१ प्रदान गरिएको छ' राजलाई प्राप्त सम्मानपत्रमा उल्लेख गरिएको छ- 'सामाजिक रुपान्तरणका लागि तपाईंले आफ्नो क्षेत्रबाट पुर्‍याउनुभएको अमूल्य योगदानको हामी उच्च कदर गर्दै उत्तरोत्तर प्रगतिसहित उज्ज्वल भविष्यको कामना गर्दछौं।'

त्यसो त यसअघि पनि राजले दर्जनौं सम्मान, पुरस्कार



तथा अवार्ड पाइसकेका छन्। 'पाँचौं राष्ट्रिय समावेशी म्युजिम अवार्ड-२०७८', 'नाट्यश्वर कला सम्मान-२०२३', नवदुर्गा सम्मान-२०७९', 'सगरमाथा म्युजिक अवार्ड-२०२२' (बेस्ट नवमोडल, फूर्के जुँगा बोलको गीतबाट), 'चौथो हिमालयन इन्टरनेशनल म्युजिक अवार्ड-२०२४' धरहरामा बस्यो मायाजाल बोलको गीतबाट), 'सातौं समावेशी म्युजिक अवार्ड-२०२४' (माया गरें तिमीलाई बोलको गीतबाट) आदि यसैका केही उदाहरण हुन्।

'सदीक्षा फिल्मस् एण्ड प्रोडक्सन'को प्रबन्ध निर्देशक, 'म्युजिक भिडियो कलाकार संघ'को सदस्य रहनुभएका राज आफ्नो विधा-क्षेत्रको अलावा अन्य सामाजिक संघ-संस्थामा समेत आवद्ध उनले 'प्रिय तिम्रो' 'करेन्ट लाग्छ' 'बूढीको कचकच', 'फूर्के जँगा', 'पछ्यौरीको छेउ', 'वर्षे झरी', 'मायाको संसार', 'यस्तो पनि जिन्दगी', 'ओठमा तिम्रो', 'धरहरामा बस्यो माया जाल', 'परदेशमा मायालुले बाऊ भनेछन्', 'केमा पिर लिन्छौ मायाले', 'माया गरें तिमीलाई', 'आर्मी नेभर अफ डिउटी' (आर्मी सट फिल्म), 'एउटै चाहाना'लगायत तीन दर्जनभन्दा बढी म्युजिक भिडियोमा आफ्नो अभिनय कला देखाइसकेका छन्।

## सम्झना र क्विन्सीको 'आधी बाटो हिँडेपछि' सार्वजनिक



**काठमाडौं/मस-** भारतीय पार्श्वगायक र संगीतकार क्विन्सी चेट र गायिका सम्झना पाण्डेको युगल गायनमा रहेको 'आधी बाटो हिँडेपछि' बोलको कभर गीत म्युजिक भिडियोसहित सार्वजनिक भएको छ। यस गीतलाई संगीत संयोजन निरेन मोक्तानले गरेका हुन्। यस गीतका ओरिजिनल गायक/गायिका भने उदय सोताङ र मनिला सोताङ हुन्। न्ह्यु बज्राचार्यको संगीत र रमण घिमिरेको शब्द रहेको यो गीत दर्शक स्रोतामाझ प्रिय छ।

कभर म्युजिक भिडियो अमेरिकामा छायाँकन गरिएको हो, जसलाई प्रफुल्ल सिंहले खिचेका हुन् भने सुमन दडिपोगुले सम्पादन गरेका हुन्। सम्झना पाण्डेको युट्युब च्यानलमार्फत सार्वजनिक भएको यो म्युजिक भिडियोले दर्शक स्रोताबाट सकारात्मक प्रतिक्रिया प्राप्त गरिरहेको छ। 'भोइस अफ नेपाल'मा समेत सहभागी भएकी पाण्डे हाल अमेरिकाको कोलोराडोमा बस्दै आएकी छन्। उनले 'नाचौं नाचौं', 'मैले जति माया' र 'जुहारी' जस्ता लोकप्रिय गीतहरू दर्शकसामु पस्किसकेकी छन्।

मौलिक नेपाली र हिन्दी गीतहरू रिलिज गर्ने र लोकप्रिय नेपाली कभर गीतहरूलाई रिभाइभ गर्ने उद्देश्यसहित क्विन्सी र सम्झना मिलेर हाल कोलोराडोमा म्युजिक रेकर्डिङ स्टुडियो सञ्चालन गरिरहका छन्। क्विन्सी चेटको संगीत यात्रा पाँच वर्षको उमेरदेखि नै शुरु भएको हो। स्वर्गीय पिता जोएल र पद्मभूषण उस्ताद सुल्तान खानको मार्गदर्शनमा कर्नाटक र हिन्दुस्तानी शास्त्रीय संगीतमा उनी खारिएका छन्।

उनले बलिउडका प्रतिष्ठित कलाकारहरू उस्ताद राहत फतेह अली खान, सोनु निगम, श्रेया घोषाल, साधना सरगम, महालक्ष्मी अय्यर, केएस चित्रा, वाणी जयारामजस्ता चर्चित कलाकारहरूसँग काम गरेर आफ्नो छुट्टै पहिचान बनाएका छन्।

हालैमात्र श्रेया घोषालसँग गाएको क्विन्सीको गीत 'नजानुम नीयुम'ले युट्युबमा ६ मिलियनभन्दा बढी भ्यूज पाइसकेको छ, जसले उनलाई नयाँ उचाईमा पुऱ्याएको छ। बलिउडका नामी कलाकार हरुसँग काम गरिरहेका क्विन्सी, प्रसिद्ध संगीत निर्देशक मयुरेश पाईसँग पनि नयाँ प्रोजेक्टमा काम गरिरहेका छन्। उनको उस्ताद राहत फतेह अली खानसँगको ठूलो प्रोजेक्ट छिट्टै रिलिज हुने तयारीमा छ।

क्विन्सीले बलिउडका विभिन्न अवार्ड शोहरूमा प्रस्तुति दिइसकेका छन्। उनले ताज महलदेखि अल-स्टेट एरिनासम्म, र एनआरजी स्टेडियममा हाउडी मोदी कार्यक्रममा ६० हजार दर्शकमाझ समेत आफ्नो प्रस्तुति दिएका छन्, जहाँ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पनि उपस्थित थिए। क्विन्सी चेटको प्रतिभा र कडा मेहनतले भारतीय संगीत उद्योगमा उनलाई बलियो स्थान दिलाएको छ, र भविष्यमा उनीबाट अझै उत्कृष्ट सिर्जनाहरुको आशा गर्न सकिन्छ।

## 'कस्तो हो यो माया' सार्वजनिक



**काठमाडौं/मस-** चलचित्र निर्माता तथा अभिनेता ईश्वर थापाले क्यानडामा रहेर पनि 'कस्तो हो यो माया' बोलको नेपाली गीतको भिडियो निर्माण गरी आफ्नै युट्युब च्यानबाट सार्वजनिक गरेका छन्।

क्यानडाको विभिन्न स्थानको रमणीय दृश्य कैद गरिएको भिडियोमा ईश्वर थापा र फरिता खड्कालाई प्रेमिल जोडीको रुपमा रोमान्टिक ढंगले प्रस्तुत गरेका छन् निर्देशक हेरुका लामाले।

ईश्वर थापाको शब्द, लेखु सहयात्रीको संगीत सिर्जना रहेको गीतमा निशान भट्टराईले स्वर दिएका छन् भने एरेञ्ज पुरुषोत्तम सुवेदीले गरेका हुन्।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०६/२०**

तामाङ्ग ग्रेट एड्भेन्चर इन नेपाल प्रा.लि.को २०८१/०४/२६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तामाङ्ग नेचर ट्रेल्स प्रा.लि. (प्रा.लि. नं.: ११५०४२)** कायम गर्ने गरी मिति २०८१/०४/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**MRP NOTICE**

IMPORTER: ECO AUTO TRADING PVT. LTD.
ANAMNAGAR, KATHMANDU, Tel: 977-01-5705505
PAN: 609578494

| sn | VEHICLE DETAILS | MODEL Name | MOTOR CAPACITY | MFD COUNTRY | UNIT | MFD YEAR | PRICE PER VEHICEL | SEELING PRICE MRP NRP | REMARKS |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NEW GONOW BRAND 14 SEATER PASSANGER VAN | HM03-L | 60KW | CHINA | 1 | 2024 | 5,700,000.00 | 5,700,000.00 | |

**Budhinanda Municipality**
**Office of The Municipal Executive**
**Kolti, Bajura**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**First Date Of Publication: 2081/06/20**

Budhinanda Municipality invited only electronics bids form Nepalese eligible bidders for the following works under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents. For further information contact Budhinanda municipality, Office of the municipal executive , Kolti, Bajura. A complete set of bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID.No. | Name of Works | Estimated Amount | Bid Document fee | Bid Validity Period | Bid Security Amount |
|---|---|---|---|---|---|---|
| 1 | BM/NCB/ WORKS/01/081/082 | Kolti, Campus, Administrative bulding to airport road construction | NRs. 8,590,293.94 | NRs.3000 | 90 days | NRs. 2,60,000.00 |
| 2 | BM/NCB/ WORKS/03/081/082 | Baddala malika taligothi nuri samma sadak nirman | | Nrs. 5000 | 120 days | Nrs. 6,50,000.00 |
| 3 | BM/NCB/ WORKS/02/081/082 | Bheralmasta-Porakhe-Kalajagra Foot-trail Construction | | Nrs 5000 | 120 days | Nrs. 5,30,000.00 |

1. Name of Office:-Budhinanda Municipality, Kolti, Bajura.
2. Name of the bank:-Rastriya Banijya Bank, Kolti Branch, Bajura
3. Account name:- BUDHINANDA NA.PA.(GA-1-1)-AANTARIK
4. Office Account no.:- 4410100301010002 (Rajaswa Account)
5. Account name:- BUDHINANDA NA.PA.(GA-3)-DHARAUTI AC
6. Office Account no:- 4410100303000002 ( Dhaurati Account)

**UAE मा रोजगार | कम्पनी : AZ AN TECHNICAL SERVICES CO LLC शहरः DUBAI**

पूर्व स्वीकृत मितिः २०८१/०६/१८ चलानी नं.: ६०२२६२६५ L.T. No.: 311863

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrecian | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter | 4 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 3. | Plumber | 5 | 0 | | 1200 | ४३,८०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २७ र २८ गते (13 & 14 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

License No.: 1067/073/074

**Elmira Manpower Service Pvt. Ltd.**
P.O.Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 977-014963814, 015909815, Fax : 4016788, Mob: 9851177709, 9851188820, Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**
**लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय**
**धुन्चे, रसुवा**

**यार्सागुम्वा लिलाम बिक्री सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२०)**

यस लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, धुन्चे रसुवाको मिति २०८१/०५/१८ गते भएको फैसला अनुसार जफत भएको २२१० ग्राम यार्सागुम्वाको VAT बाहेक न्यूनतम मूल्य रु. ६८,५१०।- (अक्षरुपि अड्सठ्ठी हजार पाँच सय दश रुपैयाँ मात्र) जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएको हुँदा अनुमति प्राप्त इच्छुक बन पैदावारको कारोबार गर्ने व्यवसायी वा फर्म वा कम्पनी वा व्यक्तीले बोलपत्र पेस गर्नुहुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागी लाङटाङ राष्ट्रिय निकुन्ज कार्यालय, धुन्चे, रसुवामा सम्पर्क गर्न सकिनेछ।

**लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय**
**धुन्चे रसुवा**

**साउदीमा रोजगार**

कम्पनीः **MORNING BUFFET TO SERVE MEALS** शहरः Jeddah
पुर्व स्वीकृत मितिः २०८१/०६/१५ चलानी नं.: ६०२२६२७० L.T. No.: 311609

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
